मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक १ | २०८० साल कातिक २४ गते शुक्रबार | Friday 10, November 2023 | सूर्योदय: बिहान ६:२० बजे | सूर्यास्त: साँझ ५:१७ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

प्रकाशकीय

## मधेशको पत्रकारितामा उत्साहको बेलुन भर्न सकौँ



प्रिय पाठक,

मधेशदृष्टि दैनिक आजबाट दोस्रो वर्षमा प्रवेश गरेको छ । सर्वप्रथमतः यस अवसरमा यहाँमा यो खुशी बाँड्न चाहन्छौँ । 'नजर हमर'को सिद्धान्त आत्मसात् गर्दै मधेशदृष्टि प्रकाशन आरम्भ गरिरहँदा देशमै सबैभन्दा बढी जनसंख्या भएको मधेश प्रदेशका ६१ लाख २६ हजार २ सय ८८ नागरिकमा यो अखबार समर्पित गर्ने हाम्रो सपनामा कहिल्यै पनि आँच पुग्न दिएनौँ । बस्तीका विभेदविरुद्ध लेखिरह्यौँ । असमानताविरुद्ध बोलिरह्यौँ । मधेश सरकार बलियो होस्, अब्बल नेतृत्वले मधेशको उन्नयनमा काम गरिरहोस् र निरपेक्ष गरिबी, अशिक्षा, कुपोषण र रोजगारी अभावमा बाँचिरहेकाको आवाज सम्बोधन होस् भनेर राम्रा काममा साझेदारी र नराम्रा पाटोमा खबरदारी पनि गरिरह्यौँ । उसो त स्थानीय तहमा देखिएका विकृति, विसंगति, कर्मचारी अभाव, जनप्रतिनिधिको नेतृत्व क्षमता, राजनीतिक दलहरुको स्वार्थका कारण स्थानीय तहको काममा बाधा र कतै मिलेमतोबारे पनि हामीले कठोर भएर कलम चलायौँ । यो हाम्रो प्रकरण 'नजर हमर'कै लामो यात्राको चुनौतीपूर्ण अध्याय थियो । प्रहरी, प्रशासनका कामकारबाहीबारे पनि निरन्तर हामीले सञ्चार गरिरह्यौँ । देश र मधेशको अर्थतन्त्र, मधेशमा पानीको हाहाकारबारे सबैभन्दा बढी कभरेज गर्नपर्छ भन्ने मान्यतामा हामी अडिग रह्यौँ ।

एक त अखबारको बजार घट्दो छ, अर्कातिर अखबारमा प्रशंसागान चाहने शासक र कर्मचारी तथा दलका नेताहरुको चाहना हामीबाट पूरा हुन सक्दैन । ऐनमौकामा पुख्ता प्रमाणसहित कठोर भएर समाचार लेख्दा पाठक र मधेशका जनताले दिएको प्रशंसाले हामी उत्साहित भएर उडान भरिरहेका थियौँ भने कोरोना, डेंगु र मन्दीका कारण सुस्ताएको विज्ञापन बजारमा स्रोतसाधन भएकाहरुलाई कठोर प्रहारले हामी स्वाभाविकरुपमा उपलब्ध हुने सूचना, विज्ञापन, सन्देशमा एक हिसाबले अदृश्यरुपमा असहयोगको सूचीमा थियौँ नै । फेरि पनि हिम्मत नहारी सत्य पर्गेल्ने, पस्कने र समाजका अँध्यारा पाटो बाहिर ल्याउने काममा लागिरह्यौँ । किनभने पत्रकारितको सिद्धान्त र हाम्रो यात्राको मूल उद्देश्य यही थियो र बजार अभाव छ भन्ने चुनौती जानेर पनि पत्रिका आरम्भ गरेका थियौँ । यस्तो अवस्थामा हामीले गरेको कामले धेरै विकृति, विसंगति, आचरण, सुशासनमा सुधार पनि भएको छ । समाचार प्रवाहपछि सरोकारवाला सुध्रिने, बदमासी गर्न हच्किने मात्र होइन, पीडितले न्याय पाउने कामले पक्कै हाम्रो प्रयास ठिक बाटोमा हिँडिरहेको छ भन्ने हामीलाई पनि लाग्यो ।

यो ३ सय ६५ दिनमा हामीले ३ सय ५३ अंक पत्रिका प्रकाशन गरेका छौँ । अर्थात् जम्मा १२ दिन विभिन्न राष्ट्रिय, धार्मिक चाडपर्वमा यहाँसम्म आउन सकेनौँ । साउनदेखि हामीले शनिबारीयरुपमा 'वैभव' परिशिष्टांक आरम्भ गरेका छौँ । भाषामा शुद्धता, एकरुपता, अपराध न्यूनीकरणमा सत्प्रयाससँगै देशसँग मधेशको अपेक्षा र मधेशसँग देशको आसाको पुलका रुपमा हामी निरन्तर सञ्चार प्रवाह गरिरहने वाचा गर्दछौँ ।

पत्रिका आरम्भदेखि अहिलेसम्म साथ दिनु भएकामा हाम्रा पाठक, विज्ञापनदाता, कर्मचारी, शुभेच्छुक, स्थापनाकालका कर्मचारी, पत्रकारसँगै सबै–सबैमा आभार प्रकट गर्न चाहन्छौँ । सामाजिक सञ्जालले स्थापित गरिरहेको नागरिक पत्रकारिताले जसरी नेपाली छापामाध्यम, रेडियो र टेलिभिजनहरु थला परेका छन् । यस्तो बेला पनि हामी उत्साहको बेलुन भरेर सुशासनका पक्षमा, मधेशका जनताको दैनिकीसँग जोडिएर निरन्तर स्थानीय तह, प्रदेश सरकार र संघ सरकारको मधेशका मुद्दामा पेटबोली बनेर उभिइरहने छौँ । यो अखबार मधेशका जनताको हो भन्ने देखाउन जमर्को गरिरहने छौँ । यहाँहरुको साथ, सहयोग, शुभेच्छाले हाम्रो उडानमा उत्साहको बेलुन भरिरहोस् । हामी चैँ मधेशको पत्रकारितामा सम्भावना छ भनेर उत्साहको बेलुन भर्न प्रयासरत रहनेछौँ । नेपालीको महान पर्व धनतेरस, दीपावली, नेपाल सम्वत्, म्हपूजा र छठ पर्वको शुभकामनासहित ।

**ध्रुव साह**
कार्यकारी अध्यक्ष

# आमने–सामने केन्द्र र प्रदेश सरकार

## केन्द्रविन्दुमा प्रहरीः संघ दिन मान्दैन, प्रदेश छोड्न चाहँदैन

**सुरेश यादव**
**जनकपुरधाम ।**
दुई साताअघि मधेशका मुख्यमन्त्री सरोज कुमार यादवको गृह जिल्लामा दिनदहाडै गोली हानी निजी विद्यालय सञ्चालकको हत्या भयो । मुख्यमन्त्री यादव प्रदेश सरकारको मातहतमा ल्याउने गरी प्रहरी माग्न भनेरै काठमाडौँ पुगेका थिए त्यही दिन । उनलाई प्रधानमन्त्री निवास बालुवाटारमा भेट्न दुई बजेको समय उपलब्ध गराइएको थियो ।
प्रधानमन्त्री कार्यालयतर्फ जाँदाजाँदै मुख्यमन्त्री यादवले आफ्नै जिल्लामा दिउँसै हत्या भएको समाचार थाहा पाए । केही मिनेटपछि प्रधानमन्त्री पुष्पकमल दाहालसँग भेट हुँदा मुख्यमन्त्री यादवले भनेका थिए, 'एक महिनामा मेरै जिल्लामा तीन हत्या भइसक्यो । म मुख्यमन्त्री छु तर अपराध नियन्त्रणको सवालमा एक शब्द बोल्ने हैसियत छैन । यसरी हुँदैन । मेरो (प्रदेश सरकार) मातहत प्रहरी दिनुस्, कम्तीमा मधेश प्रदेशमा एउटै हत्या हुन दिनेछैन भनेर ग्यारेन्टी गर्छु ।'
प्रधानमन्त्री दाहालले जवाफमा एक हप्ताभित्रै प्रहरी समायोजनको औपचारिक प्रक्रिया सुरु गरिसक्ने आश्वासन दिएर मुख्यमन्त्री यादवलाई पठाए । त्यसको दुई दिनपछि मधेशदृष्टिसँग अन्तरवार्तामा मुख्यमन्त्री यादवले एकदुई दिनभित्रै प्रहरी समायोजन प्रक्रिया अघि बढ्ने विश्वास व्यक्त गरेका थिए । उनको विश्वासको आधार थियो प्रधानमन्त्री दाहालले भर्खरै दिएको आश्वासन । तर, मुख्यमन्त्रीको विश्वास निरर्थक साबित भयो र प्रधानमन्त्रीको आश्वासन अर्थहीन ।
प्रधानमन्त्रीले दिएको आश्वासनको समयसीमा सक्न नपाउँदै मुख्यमन्त्रीले प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दलका प्रतिनिधि बोलाए र छलफलमा जुटे, 'अब के गर्ने ?'
मुख्यमन्त्री यादवको अगुवाइमा बसेको सर्वदलीय बैठकले एकमत भएर निर्णय गर्यो, 'हातमा हात राखेर हुँदैन । प्रदेश सांसद, मन्त्री र मुख्यमन्त्रीको परिचय दिनसमेत गाह्रो भयो । अब संघीय सरकारलाई अन्तिमपटक ताकेता गरौँ, भएन भने आन्दोलनमा जाऔँ ।'
सोही निर्णयबमोजिम बिहीबार मुख्यमन्त्री यादवसँगै सबै दलका नेता र मन्त्री काठमाडौँ पुगेर प्रधानमन्त्री दाहाललाई भेटेर ३० दिनको अल्टिमेटम दिएका छन् ।
प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने टोलीमा मुख्यमन्त्री समेत रहेका जसपा संसदीय दलका नेता सरोज कुमार यादव, नेपाली कांग्रेस संसदीय दलका नेता एवम् भौतिक पूर्वाधार विकास मन्त्री कृष्ण प्रसाद यादव, नेकपा एमाले संसदीय दलका नेता सरोज यादव, जनमत संसदीय दलका नेता एवम् शिक्षा तथा संस्कृति मन्त्री महेश यादव, लोसपा संसदीय दलका नेता अभिराम शर्मा, नेकपा माओवादी केन्द्र संसदीय दलका नेता भरत साह, एकीकृत समाजवादी पार्टी संसदीय दलका नेता एवम् भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपाने, राप्रपा संसदीय दलका नेता कञ्चन विच्छा, अर्थ मन्त्री संजय कुमार यादव, खेलकुद तथा समाज कल्याण मन्त्री सुरिता साह, स्वास्थ्य तथा जनसंख्या मन्त्री विरेन्द्र प्रसाद सिंह, ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्री सिंगासन सा कलवार, वन तथा वातावरण मन्त्री रमेश प्रसाद कुर्मी, गृह, सञ्चार तथा कानुन मन्त्री मोहम्मद समिम, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादव, श्रम तथा यातायात मन्त्री चन्दन कुमार सिंह, राज्यमन्त्री शेख अब्दुल कलाम अजाद र रहबर अन्सारी, सांसदहरु नागेन्द्र साह, युवराज भट्टराई र रानी शर्मा तिवारी सहभागी थिए ।

### २५ दिनपछि आन्दोलन तयारी

प्रधानमन्त्री पुष्पकमल दाहालसमक्ष ३० दिनको अल्टिमेटम दिएका मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले अबको २५ दिनभित्र माग सम्बोधन हुनुपर्ने बताएका छन् ।
मधेशदृष्टिसँग मुख्यमन्त्री यादवले भने, '२५ दिनसम्म संघीय सरकारले माग सम्बोधनको लागि अग्रसरता नदेखाए २६ औँ दिनदेखि आन्दोलनको तयारीमा जुट्ने र ३० दिन कटेलगत्तै वार कि पार संघर्षमा होमिने हाम्रो योजना छ ।'
शान्तिसुरक्षा, तस्करी नियन्त्रण र सुशासनका लागि सरकारसँग अपेक्षा राखेका नागरिकमा यतिबेला व्यापक असन्तुष्टी देखिइरहेको उल्लेख गर्दै यादवले आफू मुख्यमन्त्रीको पदमा निरीह भएर बस्न नसक्ने बताए । 'पदमा पुगेपछि अर्थपूर्ण काम गर्ने एक मात्र चाहना हो । जनताको भावनाअनुरुप काम गर्नुबाहेक मेरो व्यक्तिगत कुनै पनि स्वार्थ छैन,' मुख्यमन्त्री यादवले भने, 'सके गर्छु नसके छोड्छु ।'

### भारतमा पनि देख्न सकिन्छ यस्तै अभ्यास

नेपालमा संघीयता आएको त धेरै भएको छैन । संघीयताको स्वरुपमै पनि अनेक थरि मतभिन्नता छन् । भारतमा पनि यस्तै रस्साकसी हेर्न सकिन्छ । अहिले दिल्ली सरकारको नेतृत्व गरिरहेका छन् अरबिन्द केजरीवालले । तर, त्यहाँको सुरक्षा व्यवस्था केन्द्रीय सरकारकै मातहतमा छ ।
केजरीवालले केन्द्रीय सरकारसँग आफ्नो मातहतमा प्रहरी ल्याउन संघर्ष नै गरिरहेका छन् । त्यहाँ पनि केन्द्रीय सरकार अहिलेसम्म यसका लागि सहमत हुनसकेको छैन ।
जनताको अपेक्षा प्रान्तीय सरकारसँग भए पनि प्रहरी केन्द्रको मातहत हुँदा शान्तिसुरक्षाको सवालमा लाचार हुनुपरेको छ ।

### संघीय नेतृत्व चाहँदैन प्रदेश बलियो होस्

मुलुकमा संघीयता कार्यान्वयन सुरु भएको आठ वर्ष बितिसक्यो । संघीयताको नेपाल मोडेललाई नै आधार मान्ने हो भने पनि संघ, प्रदेश र स्थानीय सरकारको कार्यक्षेत्र संविधानमा उल्लेख छ । संविधानको कार्यान्वयन गर्ने दायित्व तीनवटै तहका सरकारहरुको छ ।
यसका लागि संविधानले निर्धारण गरिदिएको अधिकार क्षेत्रको दायरामा रहेर सबै सरकारले जनतालाई संघीयताको अनुभूति दिलाउनुपर्ने हो । यसका लागि संघीय संसदले आवश्यक कानुन बनाइदिनुपर्ने हुन्छ । संविधान लागु भएको लगभग सय महिना पुगिसक्दा पनि बन्नसकेको छैन कानुन ।

### ओलीलाई गाली, प्रचण्डअगाडि मौन

एमाले अध्यक्ष खड्गप्रसाद (केपी) ओली शर्मा प्रधानमन्त्री रहँदा बागमती प्रदेशका गृहमन्त्री थिए, माओवादीका शालिकराम जम्कट्टेल । उनले प्रदेश सरकार मातहत प्रहरी आउनुपर्ने भन्दै तत्कालीन प्रधानमन्त्री ओलीविरुद्ध निकै खनिन्थे । अहिले तिनै जम्कट्टेल बागमती प्रदेशका मुख्यमन्त्री पदमा आसिन छन् भने प्रधानमन्त्री पदमा उनकै पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल । 'आज मधेश प्रदेशले प्रदेशमातहत प्रहरी ल्याउन संघर्षमा उत्रँदा छिमेकी प्रदेश बागमती सरकार किन मौन ?' राजनीतिक वृत्तमा उठ्न थालेको प्रश्न हो । जम्कट्टेलका गृहमन्त्री गंगानारायण प्रधान पनि प्रहरी चलाउन दिनु पर्ने भन्छन्, आवाज उठाउँदैनन् ।

# फाइनलमा प्रहरी र सेना




**मधेशदृष्टि**
**वीरगंज ।**
प्रथम वीरगंज गोल्डकप फुटबल प्रतियोगिता अन्तर्गत वीरगंजस्थित आदर्शनगर रंगशालामा बिहीबार भएको अन्तिम सेमिफाइनल खेलमा त्रिभुवन आर्मी क्लब काठमाडौँले संकटा क्लब काठमाडौँलाई शून्यका विरुद्ध १ गोलले पराजित गर्दै त्रिभुवन आर्मी फाइनलमा प्रवेश गरेको छ ।
त्रिभुवन आर्मीका जर्सी नम्बर ३० का रिपु कुलुङले खेलको पहिलो हाफको २२ औँ मिनेटमा गरेको गोल नै निर्णायक भएसँगै त्रिभुवन आर्मी वीरगंज गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको हो ।
आजको खेलमा संकटा क्लब काठमाडौँले गोल गर्ने थुप्रै प्रयास गरेको भए पनि सफल भएको थिएन । प्रतियोगितामा म्यान अफ दि म्याच त्रिभुवन आर्मीका जर्सी नम्बर ३० का खेलाडी रिपु कुलुङ घोषित भए ।
प्रतियोगिताको फाइनल खेल शनिबार त्रिभुवन आर्मी क्लब काठमाडौँ र नेपाल पुलिस क्लब काठमाडौँबीच हुनेछ ।
यसअघि नेपाल पुलिस क्लब आयोजक वीरगंज भेट्रान सिटी क्लबलाई हराउदै फाइनलमा प्रवेश गरेको थियो ।
मधेश प्रदेशकै सर्वाधिक धनराशी रहेको प्रथम वीरगंज गोल्डकप फुटबल प्रतियोगितामा उपाधि विजेता टिमले नगद ११ लाख ११ हजार १ सय ११ रुपैयाँ र उपविजेता टिमले नगद ५ लाख ५५ हजार ५ सय ५५ रुपैयाँ पुरस्कार पाउनेछ ।
प्रतियोगिताको मुख्य प्रायोजक वीरगंज महानगरपालिका हो ।

# सिडिओ कार्यालयमा कर्मचारीको ठट्टा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषास्थित जिल्ला प्रशासन कार्यालयमा सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारी बस्ने सानो कार्यकक्षमा एउटै सन्देश लेखिएको ६ वटा सूचना टाँस गरिएको छ । सूचनामा लेखिएको छ, 'मेरो बोली ठूलो छ तर रिसाएर बोलेको नठान्नुहोला । मेरो बोली ठाडो छ तर नमिठो बोलेको नठान्नुहोला । म अलि झुक्न जान्दिनँ तर यसलाई आदर गरेन भन्ने नठान्नुहोला । –सहायक प्रमुख जिल्ला अधिकारी ।'
सहायक प्रमुख जिल्ला अधिकारी भण्डारीले कार्यकक्षमा लेखेर टाँसेको यो भनाइप्रति सर्वत्र विरोध भइरहेको छ । मधेश प्रदेश नीति आयोगका पूर्व उपाध्यक्ष प्रा.डा. भोगेन्द्र झाले भण्डारीको भनाईलाई पूर्ण अव्यवहारिक र अनुचित भनेका छन् । पत्रकार जितेन्द्र झाले नम्रता र सभ्यता एक राष्ट्रसेवक कर्मचारीमा हुनु पर्ने सामान्य गुणमा पर्ने बताउँछन् । शिक्षक अरुण राउत यसलाई दम्भपूर्ण र अशोभनीय प्रतिक्रिया दिन्छन् । सोही कार्यालयका प्रमुख (सिडिओ) चक्रपाणि पाण्डेले सहायक सिडिओले कार्यालयमा टाँसेको सूचना सही भएको बताए । 'एक जना कर्मचारीले सेवाग्राहीसँग आफ्नो स्वभावबारे लिखितरुपमै जानकारी गराइदिनु त झन् राम्रो हो नि !' सिडिओ पाण्डेले मधेशदृष्टिसँग भने ।
सेवाग्राहीले भने सहायक सिडिओ भण्डारीको स्वभावप्रति आक्रोस पोखेका छन् । जिल्ला प्रशासन कार्यालयमा गाउँघरमा सार्वजनिकरुपमै लगाएर हिँड्न मिल्ने पोशाकमा समेत सेवाग्राहीलाई कार्यालयभित्र प्रवेश गर्न नदिने सहायक सिडिओ भण्डारीले आफू मनपरी बोल्न पाउनुमा पनि महानता दर्शाउनु गलत भएको सेवाग्राहीहरुको प्रतिक्रिया छ ।
राष्ट्रिय मानव अधिकार आयोगका अधिकृत दिपेन्द्र सिंहले पनि सहायक प्रमुख जिल्ला अधिकारीको स्वभाव गलत भएको बताए । उनी भन्छन्, 'पुरातन शासकीय शैली रहेछ । सुधार गरे व्यक्तित्वमा निखार आउँछ । आधुनिक जनप्रशासनको मर्म अपनाउँदा वेश होला ।'









# आज धनतेरस

**मधेशदृष्टि**
**वीरगंज ।**
पञ्चाङ्गबमोजिम प्रत्येक वर्ष कार्तिक कृष्ण पक्षको त्रयोदशीका अथवा काग तिहारका दिन धनवन्तरी त्रयोदशी अर्थात धनतेरस मनाउने चलन छ । धन त्रयोदशी र धनतेरस पनि यसै दिनलाई भन्ने गरिन्छ ।

यो दिन मूलतः आयुर्वेदका प्रवर्तक धन्वन्तरी र धनका देवता कुबेरको जन्मोत्सव मनाउने पर्व हो । धनतेरसका दिन नेपालको तराई क्षेत्र र समस्त भारतमा नयाँ भाँडाकुँडा र सुनचाँदीका गरगहना किनमेल गर्ने परम्परा छ ।

समाजका उच्च, मध्यम वा निम्न सबै वर्गका व्यक्तिमा आफ्ना आवश्यकता र विलासिताका कतिपय महत्त्वपूर्ण चिजबिज किनमेलका लागि वर्षभर यही विशिष्ट दिनको प्रतीक्षा गरिन्छ । यस पर्वमा यसरी नै किनमेल गर्नुपर्छ भन्ने सन्दर्भ कहिले र कसरी आरम्भ भयो भन्ने विषयमा कुनै निश्चित प्रमाण त छैन तर धन्वन्तरीको प्रादुर्भाव समुद्र मन्थनबाट भएको र उत्पन्न हुँदा उनले हातमा अमृतले भरिएको कलश लिएर आएका हुनाले यस दिनलाई भाँडाकुडा किनमेलका लागि शुभ मान्न थालिएको हो । पौराणिक गाथामा धन्वन्तरीको जन्मवृत्तान्त देवता र असुरद्वारा गरिएको समुद्र मन्थनसँग सम्बद्ध देखा पर्छ । समुद्र मन्थनका क्रममा धन्वन्तरीको उत्पत्ति भएको हो । उनी सर्वप्रथम आफ्ना हातमा अमृत भरिएको कलश लिएर प्रकट भएका थिए । त्यसैले उनको अर्को नाम 'पीयूषपाणि धन्वन्तरी' पनि हो । उनलाई भगवान् विष्णुको अवतार पनि मानिन्छ ।

त्यसबाहेक परम्पराअनुसार धनतेरसका दिन सन्ध्याकालमा यमराजलाई इङ्गित गरी एउटा दियो बाली घरको मूल दैलोमा राखिन्छ, उनलाई घर भित्र नपस्न र कसैलाई दुःखकष्ट नपुर्याउन अनुरोध र पूजा गरिन्छ । यस धार्मिक मान्यताले आममनुष्यको स्वास्थ्य र दीर्घायुसँग सम्बन्ध राख्दछ । प्रत्येक वर्ष तिहारको प्रारम्भमा नै मनाइने धनतेरस पर्वसँग जोडिएको एउटा लोक कथा छ ।

जसबमोजिम एक पटक राजा हिमालयले आफ्ना छोराको जन्मकुण्डली निर्माण गराउने क्रममा ज्योतिषका मुखबाट विवाह गरेको ठीक चौथो दिन सर्पले टोकेर छोराको मृत्यु हुने कुरा थाहा पाए । विवाह त भयो तर जब हिमालयकी बुहारीले यो कुरो थाहा पाइन्, त्यसपछि उनले जुनसुकै तरिकाले आफ्ना पतिलाई यमराजको प्रकोपबाट मुक्त तुल्याउने विचार गरिन् । विवाहको ठीक चार दिनका दिन उनले आफ्न पतिको कोठाबाहिर घरका सबै गहनागुरियाको थुप्रो बनाएर पहाड झैँ अग्लो चुली बनाइन् र आफू स्वयम् सँगै बसेर पतिलाई अनेकानेक गीत, भजन र कथा सुनाउँदै आफ्नो लोग्नेलाई निद्रा नआओस् भनेर भुल्याउन थालिन् ।

रात्रीकालमा यमराज सर्पको रूप धारण गरी हिमालयका छोरालाई डस्ने विचारले त्यही ठाउँमा आइपुगे, तर गहनागुरियाको पहाडलाई तिनले नाघ्न सकेनन्, जसैतसै सर्पका रूपमा यमराज त्यस थुप्रोको टुप्पामा त पुगे, तर त्यहाँ पुग्दा निक्कै थकाइ लागेकाले बिसाउनु पर्यो । बिसाउने क्रममा



उनको कानमा भित्र राजकुमारीले गाएका मिठा गीत र भजनको ध्वनि गुन्जियो, जसलाई सुनेर उनी मन्त्रमुग्ध भए । ती गीत, भजन र कथा सुन्दासुन्दै उज्यालो भयो । भोलिपल्ट बिहान सर्पका रूपमा त्यहाँ आएका यमराजले खाली हात फर्कनुपर्यो ।

यसरी राजकुमारीले आफ्ना पतिको जीवनरक्षा गरिन् । यसै घटनापछि मानिसले आफ्नो घरका सदस्यको आयु, आरोग्य र सुखसमृद्धिका निमित्त धन त्रयोदशीका दिन सायम्कालमा आफ्ना घर बाहिर यमराजलाई बाटो छेक्न एउटा दियो बाल्ने गरिन्छ । यस कर्मको प्रतीकात्मक अर्थ होः पारिवारिक सुख र सुस्वास्थ्य । हाम्रो आर्य संस्कृतिमा स्वास्थ्यलाई धनसम्पत्तिभन्दा महत्त्वपूर्ण वस्तुका रूपमा लिइन्छ । त्यसैले धनधान्य र सम्मृद्धिकी देवी लक्ष्मीको उपासनासँग सम्बद्ध यस पर्वमा सबैभन्दा पहिले यमराजको उपासना गर्ने गरिन्छ ।

धनतेरस भनिने कार्तिक कृष्ण पक्षको त्रयोदशीका दिन सुनचाँदीका भाँडाकुडा, सिक्का, आभूषण किन्ने परम्परा छ । हिजोआज मोटरबाहन, मोबाइल, कम्प्युटर जस्ता विलासिताका वस्तु खरीद गर्न पनि यसै दिनलाई पर्खने चलन छ । रीतिरिवाज र परम्परासँग जोडिन पुगेको 'धनतेरस' पर्वले आर्थिक लगानीको सुरक्षणसँग आफुलाई गाँसेको पनि देखिन्छ । यसले आर्थिक हैसियत र क्षमतालाई पनि प्रदर्शन गरिरहेको देखिन्छ, एकातिर उच्च र मध्यम वर्गका व्यक्ति धनतेरसका दिन विलासिताका वस्तु किनेर आनन्द अभिबृद्धि गर्न खोज्छन् भने अर्कातिर विपन्न र निम्न वर्गका मानिस आफ्नो आवश्यकता र खाँचोका वस्तु खरीद गरी यस पर्व मनाउने गर्दछन् । सारांशमा आआफ्ना सामथ्र्य–अनुकूल समग्र भारत र नेपालको तराई क्षेत्रमा पर्व मनाउने चलन छ ।

के के नकिन्ने ?
शिशाका भाँडाः धनतेरसका दिन किन्न नहुने सामान शिशाको भाँडाकुँडा हो । यस्तो गर्दा देवी लक्ष्मी र धनका देवता कुवेर दुवै रिसाउने अनि घरमा दरिद्रता आउने बताइन्छ ।

फलामको वस्तुः धनतेरसको दिनमा फलामबाट बनेको सामान किन्नु हुन्न । विशेष गरी फलामले बनेको काट्ने वा धारिलो सामान । फलामको सम्बन्ध राहु केतुसँग छ । यो दिनमा फलामले बनेको सामान किन्नु हुन्छ भने तपाईंमा अशुभ प्रभाव पर्छ ।

तेलघ्यूः यो दिनमा विशेष गरी तेल वा घ्यू किन्नै हुन्न । यो दिनमा तेल किन्दा देवी लक्ष्मी रिसाउने बताइन्छ । अनि धन हानी हुने सम्भावना पनि बढ्छ । तपाईंलाई तेल वा घ्यू चाहिएको छ भने धनतेरसको एक दिन अगावै किन्नुस् । यो दिनमा नकिन्नुस् ।

कालो कपडाः यो दिनमा किन्नै नहुने अर्को वस्तु कालो कपडा पनि हो । कालो रंग शनिसँग सम्बन्धित छ । तपाईंले धनतेरसको दिनमा कालो कपडा किन्नु भयो भने तपाईंको कुन्डलीमा शनि देव हाबी हुने अनि तपाईंमाथि अशुभ प्रभाव पर्ने बताइन्छ ।

तस्बिरः धनतेरस

# निजगढ विमानस्थलको काम सुरु हुने

**मधेशदृष्टि**
**बारा ।**
सरकारले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको प्रक्रिया सुरु गर्ने भएको छ । बिहीबार बसेको मन्त्रिपरिषद बैठकले निजगढ विमानस्थल निर्माणका विषयमा सुझाव दिन गठित विज्ञ समितिको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको हो ।
सञ्चार तथा सूचना प्रविधिमन्त्री तथा सरकारकी प्रवक्ता रेखा शर्माका अनुसार यो प्रतिवेदन कार्यान्वयनका लागि मन्त्रिपरिषदले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिएको छ । सर्वोच्च अदालतले वातावरणीय क्षति नहुने गरी निजगढमा विमानस्थल निर्माणका लागि विज्ञहरुबाट अध्ययन गराउन आदेश दिएको थियो । त्यसपछि सरकारले गठन गरेको विज्ञ समितिले कम वातावरणीय क्षतिमा विमानस्थल बनाउन सकिने गरी प्रतिवेदन दिएको थियो ।

# मिनापको टोली अयोध्या प्रस्थान



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
जनकपुरधामको प्रसिद्ध मिथिला नाट्यकला परिषद्को सदस्य टोलीले अयोध्यामा दीपोत्सवको अवसरमा रामायण प्रस्तुत गर्ने भएको छ । यसका लागि मिथिला नाट्यकला परिषद्का अध्यक्ष प्रमेश झाको नेतृत्वमा २७ कलाकारको टोली बिहीबार अयोध्या प्रस्थान गरेको छ । जनकपुरधामका मेयर मनोजकुमार साहले सबैलाई सम्मान गर्दै बिदाइ गरेका छन् । दीपोत्सवको अवसरमा कलाकारले रामायणको नाटक गाथा प्रस्तुत गर्नेछन् । रामायण गाथामा मिनापका निर्देशक तथा अध्यक्ष प्रमेश झाले माता सीताको जन्मदेखि लिएर अयोध्यासम्मको कथा नाटकमार्फत दर्शकलाई देखाइने बताए ।
रामायण गाथामा धीरज ठाकुर, सन्नी राउत (नृत्य निर्देशक), सुनिल मल्लिक, ललित कामत, संगीता देवी (गायिका), वीरेन्द्र झा, रामनारायण ठाकुर, ललित झा, उमेश यादव, विवेक सिंह (सबै संगीतकार), मुकेश ठाकुरको अभिनय छ । रामको भूमिकामा मुकेश ठाकुर, सीताको भूमिकामा विजेता कनोजियाले निर्वाह गर्नेछन् । आलोक मिश्र (लक्ष्मण), मुकेश झा (जनक), अनिता रानी मण्डल (सुनैना), मदन ठाकुर (विश्वामित्र), गंगाकान्त झा (पंडित)ले प्रस्तुति दिनेछन् । नर्तक, नर्तकी, सहेलीको भूमिकामा बब्लू राउत, विशाल पासवान, सुनिता पासवान, सोनिया मण्डल, सपना साह, अञ्जली मण्डल, निभा यादवले पनि प्रतिभा निखार्नेछन् । पत्रकार श्यामसुन्दर शशी सञ्चारकर्मीका रुपमा सहभागी छन् ।

# भूकम्पपीडितका लागि सप्तरीबाट राहत



**मधेशदृष्टि**
**राजविराज ।**
जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितका लागि सप्तरीबाट राहत पठाइएको छ । सप्तरी उद्योग वाणिज्य संघ, रेडक्रस सोसाइटी, सप्तरी युथ र नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य अरुणकुमार प्रधानबाट उपलब्ध गराइएका राहत सामग्री जिल्ला प्रशासन कार्यालयमार्फत पीडितका लागि पठाइएको हो । पीडितका लागि सप्तरी उद्योग वाणिज्य संघले १ सय थान साडी, ५०–५० थान ज्याकेट र उनीको टोपी, सप्तरी युथले २५ हजार रुपैयाँ, नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य प्रधानले २० थान त्रिपाल तथा रेडक्रस सोसाइटी सप्तरीले १ सय थान कम्बल उपलब्ध गराएको छ । ती सामग्री बिहीबार प्रमुख जिल्ला अधिकारी किरण थापालाई हस्तान्तरण गरिएको छ । सामग्री पीडितका लागि पठाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# समीक्षा कार्यक्रम सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बिहीबार मैथिली विकास कोषको आयोजनामा मधेशी आयोगका अध्यक्ष डा. विजय दत्तद्वारा लिखित 'विदेह सभ्यता' पुस्तकमाथिको समीक्षा मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीको अध्यक्षतामा भएको छ । छलफलमा प्रमुख अतिथि वरिष्ठ साहित्यकार डा. रेवतीरमण लाल थिए । कार्यक्रममा संविधानसभा सदस्य तथा साहित्यकार शीतल झा, साहित्यकार तथा समीक्षक रोशन जनकपुरी, मधेश पत्रकार महासंघका अध्यक्ष राजेश कर्ण, श्यामकिशोर गोइत, नवीन मिश्र, वडा नम्बर २२ का अध्यक्ष विमलेश मिश्र, रामानन्द युवा क्लबका अध्यक्ष शशिभूषण झा, निवर्तमान अध्यक्ष मनमोहन साह, महासचिव रोशनकुमार झा, पत्रकार पूरण गुप्ता, अमरकुमार पाण्डेलगायतको उपस्थिति थियो ।
कार्यक्रममा उपस्थित साहित्यकारले विदेह सभ्यता पुस्तकका बारे आआफ्नो धारणा राखेका थिए । कार्यक्रम सञ्चालन युवा साहित्यकार सुजितकुमार झाले गरेका थिए ।

# हाजिरी जवाफमा जनता मावि प्रथम

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषास्थित कमला नगरपालिकामा जनकपुरको सूर्य क्लिनिक एण्ड रिसर्च सेन्टरले आयोजना गरेको हाजिरी जवाफ प्रतियोगितामा जनता मावि मंगराहा प्रथम भएको छ । प्रतियोगितामा जनता नमूना मावि बेलापट्टी दोस्रो र मावि ईटहर्वाले तेस्रो पुरस्कार पायो । यस्तै नृत्य प्रतियोगिता तर्फ मावि खजुरी महुवा प्रथम भयो भने जनता नमूना मावि बेलापट्टी दोस्रो र जनता ईकाइ मावि यदुकुहा तेस्रो स्थानमा आउन सफल रहयो । तिहार र छठ पर्वको अवसरमा ग्रामिण भेगका विद्यार्थीलाई शैक्षिक क्रियाकलाप मार्फत प्रोत्साहित गर्ने उदेश्यले आयोजित प्रतियोगितामा हाजिरी जवाफ प्रतियोगिता तर्फ ११ तथा




नृत्यतर्फ १० विद्यालयको सहभागिता थियो । मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले उत्कृष्ट विद्यार्थीहरुको समूहलाई पुरस्कृत गरेका थिए । कार्यक्रममा कमला नगरपालिकाका प्रमुख विशेश्वर यादव, मधेश मिडिया काउन्सिलका सदस्य अर्जुन मण्डल, कमला बचाउ अभियानका संयोजक विक्रम यादव, जसपाका नेता श्यामनारायण यादव, नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामत लगायतको उपस्थिति थियो । प्रतियोगितामा बिएन पटेल, रिना यादव र विशाल शर्माले निर्णायकको भूमिका निर्वाह गरेका थिए । त्यस्तै, कमला नगरपालिका एक नम्बर वडाका अध्यक्ष सरदेव यादव, वडा नम्बर दुईका अध्यक्ष भक्ति यादव लगायत प्रतियोगितामा सहभागी विद्यालयका प्रधानाध्यापक तथा शिक्षकसँगै स्थानीयको उल्लेख्य उपस्थिति थियो ।

# धान उत्पादनमा कमी

**मनोज यादव**
**सर्लाही ।**
अन्नको भण्डारको रुपमा चिनिने सर्लाहीमा यसवर्ष पानी तथा मलको अभावका कारण उत्पादनमा कमी आएको छ । जम्मा ४६ हजार हेक्टर क्षेत्रफलमा धान उत्पादन हुने यस जिल्लामा यसवर्ष ८५–९० प्रतिशत रोपाइँ भए पनि खडेरीले उत्पादनमा कमी आएको कृषि ज्ञान केन्द्र मलंगवाले जनाएको छ ।

मंसिर महिनालाई किसानले वर्षभर गरेको मेहनत उठाउने खुशीको महिनाका रुपमा लिइन्छ तर सर्लाहीका किसान यो वर्ष खुशी भने छैनन् । धान उत्पादनका लागि राम्रो क्षेत्र मानिएको यस जिल्लामा धानको उत्पादन घट्ने भएपछि किसान चिन्तित छन् । यस सिजनको लागि रोपाइँ सम्पन्न भएको सुरुवाती अवस्थामा मल तथा सिँचाईका लागि आकाशे पानीको भर पर्दा धानको उत्पादन घटेको ब्रम्हपुरी गाउँपालिकाका किसान गगनदेव ठाकुर हजामले बताए । उब्जनी बढाउन जतिसुकै मेहनत गरे पनि समयमै मल तथा सिँचाईका लागि पानीको व्यवस्था नहुँदा उत्पादनमा कमी आएको ठाकुरको गुनासो छ ।



धान राम्रोसँग नफल्दा काट्ने जाँगरसमेत नलागेको अर्का किसान अबध ठाकुर हजामले बताए । आफ्नो खेत हुँदाहुँदै पनि अरुको खेतमा मजदुरी गर्नुपर्ने अवस्था आएको भन्दै उनले चिन्ता व्यक्त गरे । जिल्लामा बागमती सिँचाई आयोजना र मनुष्मारा सिँचाई आयोजनाले खेतीका लागि पानी उपलब्ध गराउँदै आएको छ ।

सिँचाईको राम्रो व्यवस्था भएको झिम नदी भन्दा पश्चिम उत्पादन राम्रो भएको भए पनि आकाशे पानीको भरमा खेती हुने झिम नदी भन्दा पूर्व उत्पादन कम भएको कृषि ज्ञान केन्द्र सर्लाहीका कृषि अधिकृत सिताराम यादवले बताए । जलवायु परिवर्तनका कारण समयमा पानी नपर्दा उत्पादनमा कमी आएको यादवले बताए । सर्लाहीको उत्तरी चुरे भेगका अधिकांश किसानले धानबाली काटेर भित्र्याइसकेका छन् । केही किसानले दशैंअघि नै धान भित्र्याइसकेका छन् भने बाँकीले दशैं सकिएलगत्तै धान काट्न सुरु गरेका छन् । आकाशे पानीका भरमा खेती हुने यस भेगका किसानले छिटो पाक्ने धान रोपेका थिए । सिँचाईको सुविधा रहेको दक्षिण–पश्चिम भेगका किसानले ढिलो रोपाइँ गरेकाले काटेर राखेको धान बल्ल सुक्न थालेको छ । यसक्षेत्रमा पनि छिटो रोपेको धान किसानले भित्र्याउन थालेका छन् । सर्लाहीमा उत्पादन भएको धानले यहाँका जनतालाई बाह्रै महिना खान पुग्ने अवस्था कमै रहेकाले छिमेकी जिल्ला र भारतबाट धान तथा चामल किनेर ल्याउनु परेको छ । गतवर्ष जिल्लामा १ लाख ६४ हजार १ सय ४५ मेट्रिक टन धान खेती भएको थियो । यसवर्ष भने उत्पादन १० देखि १५ प्रतिशतले घट्ने अनुमान गरिएको कृषि ज्ञान केन्द्र सर्लाहीले जनाएको छ ।

# कृषि क्षेत्रको व्यावसायीकरण गर्न माग

**रासस**
**काठमाडौँ ।**
अखिल नेपाल किसान महासङ्घले आगामी आवको नीति तथा कार्यक्रममा कृषिक्षेत्रको व्यावसायीकरण गरी निर्यात प्रबद्र्धन गर्न राष्ट्रिय योजना आयोगलाई सुझाएको छ । राष्ट्रिय योजना आयोगले १६औँ योजनाका लागि प्रदेशगत रुपमा छलफल गर्न सुरु गरेपछि खाद्य तथा कृषि क्षेत्रको आयात प्रतिस्थापन गरी आत्मनिर्भर कृषि अर्थतन्त्रको विकासबाट बलियो राष्ट्रिय अर्थतन्त्र निर्माण गर्न महासङ्घले आयोगलगायत सम्बन्धित पक्षलाई सुझाव दिएको हो । सातै प्रदेशमा जाने योजना अनुरुप योजना आयोगले छुट्टाछुट्टै टोली बनाएर कात्तिक २० गतेदेखि सबै प्रदेशमा छलफल थालेको छ । संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि तीनवटै तहका सरकारलाई जनताको खाद्य सम्प्रभूताको हक स्थापित गर्न कृषि उत्पादनका क्षेत्रमा प्राथमिकता दिन महासङ्घले माग गरेको हो । महाङ्घमा आवद्ध गठबन्धनमा नेपाल किसान सङ्घ, अखिल नेपाल किसान महासङ्घ नेकपा (एकीकृत समाजवादी) र नेकपा (मसाल) निकट अखिल नेपाल किसान महासङ्घ, तथा समाजवादी किसान महासङ्घ छन् । महासङ्घका अध्यक्ष बलराम बाँस्कोटाले कृषि क्षेत्रमा गरिने लगानीले उत्पादन वृद्धि हुने, किसानको आम्दानी तथा उनीहरुको खर्चगर्ने क्षमता विकास हुने, किसानले गर्ने खर्चले मुलुकको समग्र अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने बताए । उनले भने, 'सरकारले विगतमा कृषि क्षेत्रमा मल, बीउबिजनको व्यवस्थापन गर्न सकेको छैन । त्यो अनुभवबाट पाठ सिकेर समयमै त्यसको व्यवस्थापनका लागि गृहकार्य गर्नुपर्दछ ।' सातै प्रदेशमा जाने योजना अनुरुप योजना आयोगले छुट्टाछुट्टै टोली बनाएर छलफलका लागि मधेश प्रदेशसहितका ठाउँमा छलफल जारी छ ।
छलफलमा प्रदेश सरकारका मुख्यमन्त्रीसहित स्थानीय तह र निजी क्षेत्रका प्रतिनिधिसमेत सहभागी छन् । प्रदेश सरकार, स्थानीय सरकार र निजी क्षेत्रको समेत सुझाव सङ्कलन गरेर १६औँ पञ्चवर्षीय योजना तयार पार्ने उद्देश्यले आयोगका सदस्य डा प्रभु बुढाथोकी, डा जयकान्त राउत, डा रामकुमार फुँयाल र डा अनिता शाह ढुङ्गानाको नेतृत्वमा छुट्टछुट्टै टोली परिचालन गरिएको छ ।
सरकारले देशभरका किसान सङ्घ/सङ्गठन, राष्ट्रिय किसान सञ्जाल तथा कृषि र भूमिसम्बन्धी नागरिक सङ्गठनको विरोध हुँदाहुँदै पनि ठूला कर्पोरेट घराना, विदेशी बहुर्राष्ट्रिय निगमलाई दिन भूमि बैंकको अवधारणा ल्याएकाले त्यसको खारेजी गर्न आग्रह गरेको महासङ्घले हालै ७३औँ स्थापना दिवश समेत सम्पन्न गरेको छ ।
किसानले आफ्नो भूमि अति सस्तोमा भाडामा लगाउनुपर्ने, भूमि बैंकले सार्वजनिक खरिद ऐन अनुसार बढाबढ मूल्यमा स्वदेशी तथा विदेशी पुँजीपतिलाई दिनुपर्ने, तिनले कागजपत्र मिलाएर स्थानीय तहबाट कृषि क्षेत्रमा दिइने अनुदानसमेत कब्जा गर्ने, विदेशबाट फर्केका युवाले स्वदेश फर्केर आफ्नै जमिनमा खेतीपाती गर्न वा जमिन बेचबिखन गर्न नपाउने गरी भूउपयोग ऐन २०७५ मार्फत ल्याएको भूमि बैंकजस्तो नवउदारवादी, किसानमारा र भूमिसुधार विरोधी व्यवस्थालाई अविलम्ब ऐन संशोधन गरी खारेज गर्न महासङ्घले जोड दिएको छ ।
विदेशी लगानी भित्राउने र नेपाली कृषिलाई विदेशीको हातमा सुम्पने, प्रतिबन्धित अनुवंश परिवर्तित बिउ र खाद्यान्नलाई खुला गर्ने, नेपालमा कृषि भूमिको कित्ताकाट खुला गरी खण्डीकरण गर्ने, देशका विभिन्न हदबन्दीभन्दा बढीको जग्गा गैरकानुनीरूपमा भूमाफियाहरूको कब्जामा पु¥याउनेलगायत कार्य यस क्षेत्रका विकासमा बाधक बनेको छ ।
नेपाल मसाल निकट किसान सङ्गठनका नेता भैरव रेग्मीले नेपाली कृषि र किसानको रक्षा गर्न कृषि भूमिको गैरकृषि क्षेत्रमा प्रयोगलाई प्रोत्साहन गर्ने, मलखाद आयातमा हुने भ्रष्टाचारलाई निरुत्साहित गर्न सरकारले आवश्यक नियमन तथा कडा कारबाहीको व्यवस्था गर्न सरकारलाई सुझाए ।
बाँझो जमिनमा सिँचाई, कृषि उत्पादनमा यान्त्रिकरण र बजारीकरणका साथै युवालाई कृषि क्षेत्रमा आकर्षित बनाउन सरकारको नीति तथा कार्यक्रममा विशेष व्यवस्था आवश्यक छ ।
यस क्षेत्रमा विचौलियाका कारण किसानले उत्पादनको उचित मूल्य पाएका छैनन् भने उपभोक्ता महँगोमा कृषि उपजलाई खरिद गर्न बाध्य छन् ।
महासङ्घमा आवद्ध किसान सङ्गठनले किसानको जीवनमा समृद्धि र खुसीयाली ल्याउन सकेमा समाजिक रुपान्तरण तथा मुलुकमा आर्थिक विकास हुने निष्कर्ष निकालेका छन् । कृषि तथा पशुपक्षी मन्त्रालयका सूचना अधिकारी डा. प्रदीपचन्द्र भट्टराईले कृषि क्षेत्रका समग्र समस्या समाधान गर्ने गरी राष्ट्रिय कृषि नीति निर्माणको अन्तिम चरणमा रहेको बताउँदै नीतिले यस क्षेत्रको समस्या न्यूनीकरणमा सहयोग पु¥याउने विश्वास व्यक्त गरे । कृषि तथा पशुपक्षी विकास मन्त्रलयका अनुसार मन्त्रालयका सहसचिव प्रकाश सञ्जेलका अनुसार करिब १० लाख ३० हजार हेक्टर कृषियोग्य जमिन बाँझो रहेको छ ।

# युवा वैज्ञानिक अनुसन्धान सहयोग कार्यक्रम सञ्चालनमा छः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)मार्फत युवा वैज्ञानिक अनुसन्धान सहयोग कार्यक्रम सञ्चालनमा ल्याइएको बताएका छन् । नास्टको ४६औँ प्राज्ञसभालाई सम्बोधन गर्दै बिहीबार प्रधानमन्त्री दाहालले नेपाली युवाहरूको अनुसन्धान क्षमता विकासका लागि अनुकूल वातावरण निर्माणका लागि चालु आर्थिक वर्षदेखि कार्यक्रम सञ्चालनमा ल्याइएको बताएका हुन् । ‘आजको युग विज्ञान, प्रविधि र नवप्रवर्तनको हो । देशलाई समुन्नत बनाउन, आर्थिक विकास निम्ति उत्पादनसँग जोड्न र जनताको जीवनस्तर उकास्न नवप्रवर्तन एवं नवीनतम प्रविधिको महत्वपूर्ण भूमिका रहन्छ भन्ने कसैको विमति रहँदैन’, नास्टका कुलपति समेत रहेका प्रधानमन्त्री दाहालले भने, ‘विज्ञान र प्रविधिको अनुसन्धानमा सक्रिय रहेर, अनुसन्धानकर्तासँग सहयोग र सहकार्यमार्फत विज्ञान र प्रविधिको विस्तारलाई प्रवद्र्धन गर्दै जे–जति गर्नुभएको छ, नास्ट र यसका सहयात्री संस्थाहरूमा धन्यवाद व्यक्त गर्दछु ।’ उनले आफू पनि विज्ञानको विद्यार्थी भएको नाताले विज्ञान तथा प्रविधिका क्षेत्रमा नेपाली वैज्ञानिक प्राविधिज्ञहरूको क्षमता र योगदानबारे अनभिज्ञ नरहेको उल्लेख गरे । नवप्रवर्तनलाई प्राथमिकता दिई स्वदेशी प्रविधिको विकासमा धेरै काम गर्न नसके पनि अभिलेखीकरण गर्न र त्यसैका लागि केन्द्रित प्रयोगशाला स्थापनाका लागि गरेका प्रयास अनुकरणीय रहेको उनको भनाइ थियो । ‘नेपाल अन्तरीक्ष युगमा प्रवेश गर्नुपर्ने आजको आवश्यकतालाई आत्मसात गर्दै नेपाल सरकारले नास्टमार्फत नानो स्याटेलाइट प्रक्षेपण गरिसकेको छ भने भारतीय अन्तरीक्ष अनुसन्धान संस्था (इस्रो) को सहकार्यमा मुनाल स्याटेलाइट प्रक्षेपण गर्ने तयारीमा युवा वैज्ञानिकहरूलाई समेट्दै अन्य संघ÷संस्थासँग सहकार्य गर्दै वैज्ञानिकहरू जुट्नुभएको थाहा पाउँदा खुशी लागेको छ’, प्रधानमन्त्री दाहालले भने । उनले विज्ञान प्रविधिलाई प्रदेशस्तरमा प्रवद्र्धन गर्न नास्टबाट सबै प्रदेशमा विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गर्ने कार्य प्रारम्भ भइसकेको बताउँदै विज्ञान तथा प्रविधिलाई प्रदेशको आवश्यकता बमोजिमको विकासमा थप मद्दत पुग्ने आशा गर्न सकिने धारणा व्यक्त गरे । कर्मचारी र वैज्ञानिकहरूका गुनासा बिस्तारै सम्वोधन हुँदै गएको देखेको बताउँदै उनले नाष्ट फेरि पनि फरक प्रकृतिको काम गर्ने उद्देश्यले स्थापना भएको विशिष्ट संस्था भएको उल्लेख गरे । ‘जसको नेतृत्व भर्खर आएको छ, आशा छ लामो समयदेखि यसै संस्थासँग आबद्ध हुनुहुन्छ, कर्मचारीको वृत्तिविकास, पूर्वाधारको निर्माण, प्रयोगशालालाई जीवन्त गराउनुपर्ने दायित्व, राष्ट्रिय आवश्यकताअनुसार तपाईहरूको क्षमता विकासमा यथेष्ट ध्यान जानेछ भन्ने विश्वास नेपाल सरकारले राखेको छ’, उनले भने । प्रधानमन्त्री दाहालले ४० वर्षमा जम्माजम्मी चार अर्ब रुपैयाँको बजेटबाट गरिएका विज्ञान, प्रविधि र प्रवद्र्धनात्मक कार्यहरू प्रशंसनीय भएको तर पर्याप्त नभएको उल्लेख गर्दै राज्यको ध्यान अझै विज्ञान र प्रविधिमा केन्द्रित हुन नसकेको स्वीकार गरे । उनले प्राज्ञिकहरूको सुझाव र सल्लाह एवं बन्दै गरेको विज्ञान, प्रविधि र नवप्रवर्तनसम्बन्धी विधेयकअनुसार देशको रूपान्तरका लागि हातेमालो गर्दै काम गर्न निर्देशित गरे । उनले आफूले हालैको मित्रराष्ट्र चीनको भ्रमणको क्रममा विज्ञान तथा प्रविधिको विकासका लागि पनि आपसी सहयोग अभिवृद्धि गर्ने विषयमा त्यहाँका समकक्षी र अन्य नेताहरूसँग महत्वपूर्ण विचार विमर्श भएको जानकारी गराए । त्यसका लागि नेपाललाई अहिलेको परिप्रेक्ष्यमा विज्ञान प्रविधिको विषय विधामा बढी जोड दिनुपर्ने उनले बताए । यसको स्पष्ट अवधारणापत्र भएमा सहकार्य लागि उचित पहल नेपाल सरकारले गर्ने विश्वास दिलाउँदै उनले वैज्ञानिकहरूले देशको आवश्यकतालाई समेट्ने खालका परियोजना प्रस्तावहरू तयार गर्न जागरूक हुन आग्रह गरे ।

# प्रधानमन्त्रीसँग चिनियाँ प्रतिनिधिमण्डलको भेट



**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ सँग चिनियाँ कम्युनिष्ट पार्टी तिब्बत स्वशासित क्षेत्रका सचिव वाङ जुनझेङ नेतृत्वको प्रतिनिधिमण्डलले शिष्टाचार भेटवार्ता गरेको छ ।प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार भएको भेटमा आपसीहित र चासोका विविध विषयमा विचारविमर्श भएको प्रधानमन्त्री दाहालको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री दाहालले हिमालयपार सम्पर्क सञ्जाल दुई देशका लागि महत्वपूर्ण भएको बताउँदै त्यसलाई कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिएको प्रधानमन्त्रीका प्रेस विज्ञ मनहरि तिमिल्सिनाले जानकारी दिए । उनका अनुसार प्रधानमन्त्री दाहालले चिनियाँ सरकारको सहयोगमा निर्माण भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनको सिचुवान प्रान्तबाट सिधा उडानको अपेक्षा गरेको बताए । नेपालले आसन्न विश्व जलवायु सम्मेलनमा जलवायु परिवर्तनका असरको विषयलाई मुख्य एजेण्डाका रुपमा उठाउने जानकारी दिँदै प्रधानमन्त्री दाहालले त्यसमा चीनजस्ता ठूला मुलुकले पनि सहयोग गर्नुपर्नेमा जोड दिएका थिए । विश्वमञ्चमा जलवायु परिवर्तनले पारेको असरबारे नेपालले उठाएका विषयमा समर्थन गर्न पनि उनले आग्रह गरेका थिए । प्रधानमन्त्री दाहालले नेपाल र तिब्बतको सीमामा रहेका नाका सहजरुपमा सञ्चालन गर्न चीन सरकारले पहल लिएकामा धन्यवाद दिँदै मित्रराष्ट्र चीनबाट आगामी दिनमा थप सहजीकरणसहित सहयोग प्राप्त हुने अपेक्षा गरे । नेपालमा गएको भूकम्पका समयमा चीन सरकारबाट प्राप्त सहयोगप्रति आभार व्यक्त गर्दै प्रधानमन्त्री दाहालले भूकम्पको पूर्व सूचना संयन्त्र विकासमा पनि नेपालले अपेक्षा गरेको उल्लेख गरे । उनले ल्हासा–काठमाडौँ सिधा उडानको तयारीप्रति चीन सरकारलाई धन्यवाद व्यक्त गरेका थिए । एक चीन नीति नेपालको राष्ट्रिय नीति भएको उनले स्पष्ट पारेका थिए । त्यसैगरी प्रधानमन्त्री दाहालले चिनियाँ राष्ट्रपति सि चिनफिङको नेतृत्वमा चीनले गरेको आर्थिक प्रगतिको सराहना गर्दै ‘बेल्ट एण्ड रोड’ इनिसियटिभ उनको दूरगामी प्रयास भएको बताएका थिए । भेटवार्तामा प्रधानमन्त्री दाहालले चीनको पूर्वप्रधानमन्त्रीको निधनप्रति दुःख व्यक्त गरेका छन् ।

चिनियाँ पक्षले ल्हासा विमानस्थलको एउटा टर्मिनलको काम सक्न बाँकी रहेको र त्यो सकिनेवित्तिकै ल्हासा–काठमाडौँ प्रत्यक्ष उडान हुने प्रधानमन्त्री दाहाललाई जानकारी गराएको थियो ।त्यसैगरी सचिव जुनझेङले पूर्वाधार, नेपाल–चीन सम्पर्क सञ्जाल, आर्थिक विकास र पर्यटनका क्षेत्रमा नेपालसँग मिलेर काम गर्न चाहेको बताएका थिए । उनले जनताजनताबीचको सम्बन्ध विकासका लागि नेपालको प्राथमिकतामा रहेको उल्लेख गर्दै त्यसका लागि दुई देशबीचको विभिन्न तहमा भइरहेका भ्रमणले पुष्टि गर्ने बताए । सचिव जुनझेङले हालै जाजरकोट भूकम्पमा परी मृत्यु भएकाप्रति चीन सरकारका तर्फबाट गहिरो दुःख व्यक्त गर्दै अरु थप सहयोग गर्ने विषयमा चीन तयार रहेको बताए । उनले विगतदेखि नेपालले लिँदै आएको एक चीन सिद्धान्तप्रति नेपाल सरकारलाई धन्यवाद व्यक्त गरेको प्रेस विज्ञ तिमिल्सिनाले जानकारी दिए । यसअघि चीनसँग भएका सम्झौता कार्यान्वयन गरिने विषयमा पनि छलफल भएको प्रधानमन्त्री सचिवालयले जनाएको छ ।भेटवार्तामा नेपालका तर्फबाट प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार रुपक सापकोटा, प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द अचार्यलगायतको सहभागिता रहेको थियो । चीनका तर्फबाट नेपालस्थित चिनीयाँ राजदूत छन् सङलगायत प्रतिनिधिमण्डलका सदस्यको उपस्थिति थियो ।

# ‘भूकम्प प्रभावितमा मनोसामाजिक समस्या देखिन सक्छ’

**रासस**
**सुर्खेत ।**
जाजरकोट भूकम्पबाट प्रभावितमा मनोसामाजिक समस्या देखिन सक्ने भन्दै त्यसतर्फ ध्यान दिन सुझाव दिइएको छ । विशेष गरी भूकम्पको त्रासमा रहेका महिला तथा बालबालिकामा मनोसामाजिक समस्या देखिन सक्ने भएकाले त्यसतर्फ ध्यान दिन मनोविद्ले सुझाव दिएका छन् ।भूकम्प प्रभावित क्षेत्रमा नागरिक मानसिकरुपमा विक्षिप्त रहेको उल्लेख गर्दै कर्णाली प्रदेश अस्पतालमा कार्यरत मनोविद् पूर्ण रावतले सरकारले त्यहाँ मनोमरामर्शका कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव दिए । भूकम्पका कारण धेरैले आफन्त गुमाएका छन् । उनले भने, ‘अहिले पनि परकम्प जाने क्रम जारी छ, नागरिक त्रासमा छन् । यस्तो अवस्थामा व्यक्तिमा मनोसामाजिक समस्या देखिनसक्छ । त्यसैले तीनै तहका सरकारले राहत र पुनस्थापनासँगै मानसिक स्वास्थ्यमा पनि ध्यान दिएर काम गर्नुपर्छ ।’ मनोविद् रावतले भूकम्पपछि सबै निकाय राहत वितरणमा मात्रै केन्द्रित भएको उल्लेख गर्दै मानसिकरुपमा पनि पीडित समस्यामा परेकाले सरकारको ध्यान त्यसतर्फ केन्द्रित हुनुपर्नेमा जोड दिए । यसैबीच कर्णाली प्रदेश सरकारले भूकम्पपछि मनोसामाजिक समस्या निम्तिन सक्नेतर्फ ध्यान दिएर मनोविमर्शकर्ता खटाएको जनाएको छ । कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयले प्रभावित क्षेत्रमा चिकित्सक र मनोविमर्शकर्ता परिचालन गरेको छ ।मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुख वृशबहादुर शाहीले मनोसामाजिक समस्याको व्यवस्थापनका लागि विभिन्न साझेदार संस्थासँग मिलेर मनोविमर्शकर्ता खटाइएको जानकारी दिए । विभिन्न महामारी फैलिन सक्नेतर्फ सचेत भएको उल्लेख गर्दै उनले बालबालिकामा पोषणको समस्या आउन नदिने गरी काम सुरु गरिएको बताए ।

रुकुम–पश्चिम आठबिसकोट हीरा विक माइतीमा नगएको धेरै भएको थियो । दाईहरु भदाभदैसँग भेट्न जाने भन्दाभन्दै घरको कामले समय नै मिलाउन नसकेर उनी माइतीमा जान पाएकी थिनन् । यही कात्तिक १७ गते उनको घरको कामबाट फुर्सद मिलाएर भेटघाटको लागि माइतीमा गइन् ।

धेरैपछि आएकी बहिनीलाई माइतीमा मिठोमसिनो खुवाउनुपर्छ भनेर उनको दाइले मासु किनेर ल्याए । अनि सबैजना खाना खाएर सुख दुःखका कुराकानी गर्दै थिए । अनि हीराको दाइले रात धेरै गइसक्यो बहिनी अब सुत्नुपर्छ भनेपछि सबैजना आफ्नो आफ्नो कोठामा गए ।उनीहरु सबैजना सुत्नेबेला घडीमा रातको साढे ११ बजेको थियो । ‘म माइतीमा पाहुना आएको थिएँ । हीराले भनिन्, ‘धेरैपछि माइतीमा आउँदाको खुसी धेरै थियो । सबैजना सुखदुःखका कुरा गरेर बसिरहेका थियौँ । दाइले अब धेरै रात बित्यो सुत्नुपर्छ भनेपछि हामी सबै सुत्न आफ्नो आफ्नो कोठामा गयौँ । कोठामा भर्खर सुतेका थियौँ, घर हल्लिन थाल्यो एकैछिमा सबै घर तल खस्यो ।’ भाग्यले आफ्नो ज्यान जोगिएकी हीराले बाहिर चिच्यावट आवाज आएपछि मात्रै घर भत्किएको थाहा भएको उनी बताउँछिन् । ‘हामी सबै घरभित्र पुरियौँ । उनले भनिन्, ‘गाउँका बाँचेका दाइभाइ आएर आधा घण्टापछि हामीलाई निकाल्नुभयो’, हीराले भनिन्, ‘सबै बेहोस अवस्थामा थिए, कोही बाँच्नुभयो भने कोही सधैँको लागि छोडेर गए ।’ दाइभाइ र भदाभदैसँग भेट्न आएकी हीराले सबैसँग भेट्न पाइन् । तर दाइकी छोरीसँगको त्यो भेट अन्तिम रहेछ । ‘कानले सबै कुरा सुनेको थिएँ । भदैनीले फूपु बचाउनुहोस् बचाउनुहोस् भनेको याद ताजै छ, अलि छिटो निकालेको भए सकभर भदैनी बाँच्थिन होला ।’ हीराले भक्कानिदै भनिन्, ‘भदैनी छोडेर गइसकी । अरु दाइहरु घाइते हुनुहुन्छ, नत घर रह्यो नत भदैनी ।’ माइतीमा मात्रै होइन, आफ्नो घरमासमेत त्यस्तै पीडा रहेको उनी बताउँछिन् । उनको घरसमेत पूर्णरुपमा क्षति भएको छ । मानवीय क्षति भने हुन पाएन । तथापि घर भने केही बाँकी छैन् । ‘हामीले भोग्नसम्म पीडा भोगिरहेका छौँ । माइतीमा यति ठूलो समस्या भयो, घर केही रहेनन् । आफ्नो घरपनि सबै गइसक्यो । सबैतिर समस्या नै समस्या छ ।’ सरकारले अहिले राहत त दिइरहेको छ । तर पुनःस्थापनाको काम छिटो गरिदिन उनको सरकारसँग माग छ । अहिले जाजरकोट र रुकुम पश्चिममा अधिकांश गाउँमा यस्तै पीडामा मानिस रहेका छन् । यो पीडामा मल्हम लगाउनको लागि सरकार र विभिन्न निकायबाट राहत सहयोग त गइरहेको छ । तर राहत वितरणमा ढिलाइ भइरहेको गुनासो पनि छ । मनोविदहरुले भूकम्पबाट प्रभावित भएकालाई मनोसामाजिक समस्या देखिनसक्ने जनाउँदै सरकारले ध्यान दिनुपर्ने सुझाव दिएका छन् । विशेषगरी भूकम्पको त्रासमा रहेको महिला बालबालिकालाई मनोसामाजिक समस्या देखिन सक्ने भन्दै त्यतातर्फ ध्यान दिन मनोविद्हरुको सुझाव छ ।

# भूकम्पपीडितलाई एक महिनाको पारिश्रमिक



सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सदस्यको एक महिनाको पारिश्रमिक भूकम्प प्रभावित क्षेत्रका जनताको राहत तथा उद्धारका लागि दिने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को बिहीबार सिंहदरबारमा बसेको बैठकले भूकम्पपीडितको राहत उद्धारका लागि प्रधानमन्त्रीसहित मन्त्रिपरिषद्का सदस्यको एक महिनाको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् । बैठकले इन्धनको पूर्वाधार शुल्कबाट पाँचका रुपैयाँ दरले प्राप्त हुने रकम बूढीगण्डकी जलाशय आयोजनालाई दिने र कर्णाली चिसापानी जलविद्युत् आयोजनाको अध्ययन गरी कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गरेको छ । यसैगरी काठमाडौँको मूलपानी, भरतपुर र मोरङको क्रिकेट रङ्गशालालाई राष्ट्रिय गौरवका आयोजनाका रुपमा सञ्चालन गर्ने र निजगढ अन्तिर्राष्ट्रिय विमानस्थल निर्माण कार्य अघि बढाउन विज्ञ टोलीबाट प्राप्त प्रतिवेदन कार्यान्वयनका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने निर्णय बैठकले गरेको छ ।

सामाजिक सञ्जाल सञ्चालन निर्देशिका, २०८० स्वीकृत गर्ने र युरोपको पोर्चुगलमा नेपाली दूतावास स्थापना गरी समिम नेपाललाई राजदूत पदमा नियुक्त गर्ने निर्णय भएको सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री शर्माले जानकारी दिइन् ।

# फूलैफूलले रङ्गियो भक्तपुर



**रासस**
**भक्तपुर ।**
भक्तपुरका गाउँगाउँमा ढकमक्क फूल फुलेका छन् । व्यावसायिकरुपमा गरिएको सयपत्री र मखमली फूल फुलेर ढकमक्क हुँदा नजिकिँदो तिहारको झल्को दिइरहेको छ । व्यावसायिक फूलखेती गरिएको भक्तपुरका बस्ती मात्रै होइन, अधिकांश गाउँघर एवं टोलटोलका आँगनदेखि बारीसमेतमा लहरै झुलेका मखमली र सयपत्री फूल लटरम्म फूलेपछि यहाँका अधिकांश गाउँ रङ्गीचङ्गी बनेका हुन् ।तिहार नजिकिँदै आएपछि व्यावसायिकरुपमा फूलखेती गर्ने किसानलाई भने यतिखेर मखमली फूल टिपेर माला उन्न र सयपत्री फूल टिपेर मुठा पार्न भ्याइनभ्याइ भएको छ । काठमाडौँ उपत्यकामै सबभन्दा बढी व्यावसायिक फूलखेती गर्ने सूर्यविनायक नगरपालिका– ७ गुण्डुका घरघर र टोलटोल यतिखेर ढकमक्क भएका छन् भने फूल टिप्न र माला गाँसेर बजार पु¥याउनसमेत भ्याइनभ्याइ हुन थालेको छ ।मखमली र सयपत्री फूलखेतीबाट राम्रो आम्दानी हुने भएपछि अधिकांश किसान मात्रै होइन फूलखेती गर्नकै लागि जग्गा भाडामा लिएर यहाँ बस्ती सरेर आउनेहरु पनि उत्तिकै बढेको गुण्डु निवासी जिल्ला समन्वय समितिका प्रमुख ईश्वर थापाले बताए । धानखेतीबाट भन्दा बढी आम्दानी हुने भएपछि धान खेतदेखि मकैबारी, भिरालो जमिन, खेतको आली तथा डिल जताततै फूलखेतीले ढकमक्क बनेको उनको भनाइ थियो। एकैपटक दोहोरो आम्दानी हुने भएकाले यसतर्फ किसानको आकर्षण बढेको हो । जेठमा रोपेको मखमली फूल भदौदेखि कात्तिकसम्मै टिप्न सकिन्छ भने फूल बिग्रिएन भने एकै याममा एक रोपनी जग्गाबाट एक लाख रुपैयाँसम्म आम्दानी गर्न सकिने भएकाले यसतर्फ किसानको आकर्षण बढेको हो । सूर्यविनायक नगरपालिकाले विगत केहीवर्षयता स्थानीयवासीलाई व्यावसायिक फूलखेती गर्न ७० प्रतिशत अनुदानमा बीउसमेत वितरण गर्दै आएको नगरपालिकाका प्रवक्ता एवं वडा नं ७ का वडाध्यक्ष रवीन्द्र सापकोटाले जानकारी दिए । यसवर्ष स्थानीयवासीलाई सयपत्रीका ४५ हजार बिरुवा वितरण गरिएको उनले बताए । गुण्डुबाट मात्रै तिहारमा काठमाडौँ उपत्यका, उपत्यका बाहिरका साथै अमेरिका, अष्ट्रेलिया, बेलायत, जापान, हङकङलगायत देशमा पनि करोडौँको फूल तथा माला निर्यात गर्ने गरिएको वडाध्यक्ष सापकोटाले जानकारी दिए । स्थानीयवासी अनिता बस्नेतले तीन रोपनी जग्गामा फूलखेती गर्दा एकै याममा चार लाख रुपैयाँसम्म आम्दानी हुने गरेको बताए । उनले भने, ‘मैले सयपत्री साँढे दुई रोपनी र मखमली फूल आधा रोपनी जमिनमा मात्रै लगाएको छु, यसवर्ष नै तीन लाख रुपैयाँ बराबरको सयपत्री र एक लाख रुपैयाँ बराबरको मखमली फूल उत्पादन गरेको छु । एक रोपनी जग्गामा मखमलीका पाँच हजारवटा माला उन्न सकिने छ ।’ यसवर्ष एउटा माला कम्तीमा २५ रुपैयाँमा बिक्री हुँदा पनि एक लाख रुपैयाँ बराबरको माला उत्पादन हुने बस्नेतले बताए । विदेशमा रहेका नेपालीमार्फत पनि फूल तथा माला निर्यात गर्दै आएकी उनले अमेरिका, क्यानडा, अस्ट्रेलिया र जापानमा माला पठाउँदा आफूले मात्रै उत्पादन गरेकाले नपुग्ने भएपछि अरुसँग प्रतिमाला २५ रुपैयाँमा खरिद गरी २७ रुपैयाँमा पठाउने गरेको जानकारी दिए । मखमली फूल र त्यसका माला लिन गाउँमै व्यापारी आउने गरेपछि किसानलाई पनि सजिलो भएको स्थानीयमीना नगरकोटीले बताइन् ।

मिडियाबाट आफूलाई नियन्त्रण गर्न सक्नेले दिमाग पनि नियन्त्रण गर्न सक्छ ।

–जिम मरिसन

## सम्पादकीय

# मधेशदृष्टि दोस्रो वर्ष प्रवेश

मधेशदृष्टि दैनिक दोस्रो वर्ष प्रवेश गरेको छ । आजकै दिन मधेश प्रदेशको 'पेटबोली' र मधेशका जनताको 'मुखपत्र'का रुपमा 'नजर हमर' मान्यतासहित मधेशदृष्टि दैनिक प्रकाशन आरम्भ भएको थियो । प्रेस काउन्सिल नेपालले वर्षमा दैनिक पत्रिका कम्तीमा ३ सय दिन प्रकाशन गर्नु पर्ने भने पनि हामीले यसको अधिकतम प्रयास गरेर ३ सय ५३ अंक प्रकाशन गर्न सफल भएका छौँ । यो सन्देश पक्कै हाम्रा पाठकका लागि पनि खुशीको विषय बनाउन चाहन्छौँ । किनभने तपाईंहरुलाई अखबारी अध्ययनको भोक जगाउने, सूचनाको भोक मेटाउने र जनताका दुःखसुखका विषय तपाईंले पढिरहेको पत्रिकामा अटाउने गरी हामी भगिरथ प्रयासमा लागिरह्यौँ । यो प्रयासले वर्षदिन पूरा गर्दा पक्कै तपाईंहरुमा पनि यसले तय गरेको बाटो, रोजेको बाटो र हिँडेको बाटोबारे धारणा बनेको हुनुपर्छ । मधेशका जनताको दैनिकी फेर्न स्थानीय तहरु कति प्रयासरत रहे ? प्रदेश सरकारको सारथि पनि बन्यौँ, कठोर आलोचना पनि गरेका छौँ । कुनै राजनीतिक दलका विशेष आरोहअवरोहमा पनि उस्तै व्यवहार गरेका छौँ । प्रवद्र्धनमा कन्ज्युस्याइँ गरेनौँ । प्रहारमा पनि बाँकी राखेनौँ । हरेक दिन एउटा पार्टीको कुरालाई उस्तै प्राथमिता दिएर छाप्यौँ र गल्ती गर्दा उस्तैसँग खबरदारी पनि गरेका छौँ । मधेशदृष्टिको यही गुण र स्वभाव कायम राख्न चाहन्छौँ ।

आठ पृष्ठको ब्रोडसिट अखबारको काम पाना भर्नु मात्र होइन । अरु प्रदेशका उदाहरण मधेशका लागि कति कामयाव हुनसक्छ ? मधेशका लागि कति सन्देशमूलक हुनसक्छ भनेर समयक्रममा हामीले पत्रिकाका पृष्ठहरु हेरफेर गरेका छौँ । मधेशको लेनादेना नै नहुने सूचना र समाचार छापेर पाना भरेर जनतामा पठाएका छैनौँ । ससाना तरकारी खेतीबाट पनि दैनिकी र जिन्दगी उकास्न सकिन्छ भनेर समाचार छनौट गरेका छौँ ताकि पाठकको समय बर्बाद नहोस् र भोलिदेखि पत्रिका नआउँदा पनि केही महसुस नभएजसरी शान्त बनून् । आज मधेशदृष्टिले के लेख्यो भन्ने बनाइरहनका लागि हाम्रा सहकर्मीहरु क्रियाशील रहे । मध्यराति पनि नयाँ सूचना आउँदा फेरि कार्यालयमा जुटेर हाम्रा साथीहरुले पत्रिकाको प्रकाशन अपडेट गरेका छन् । अर्कातिर मधेश प्रदेशको राजधानी जनकपुरमा कार्यालय राखेका छौँ, प्रेस आर्थिक राजधानी वीरगंजमा छ । पूर्वमा सप्तकोशी पुलदेखि पश्चिममा हेटौँडा बजारसम्मका समाचारलाई सधैँ चयन गरेका छौँ । यही भूगोलमा पत्रिका बिहानै पुर्याउन प्रयासरत छौँ । इन्टरनेट सुविधा भएका पाठकलाई बिहान ४ बजेर ५० मिनेटमै पिडिएफ उपलब्ध गराएका छौँ । जबकि छापा संस्करण तपाईंको आँगनीमा आउदा बिहान ७ पनि बजेको हुनसक्छ ।

आगामी दिनहरुमा पत्रिका अरु परिस्कृत हुनेछ । शनिबारी परिशिष्टांक 'वैभव' अर्को प्रयास हो । जसले मधेशको दर्पणको काम गरोस् भन्ने चाहना राखेका छौँ । मधेश र मधेशका जनताका मुद्दा सधैँ उठाइरहनेछौँ । यो अभ्यास ढिला भएको होला, किनभने अचेल सबै समाचार फेसबुक, युट्युब भन्दा पहिला टिकटकमा आउन थालिसक्यो । टिकटकपछि अब कुन सामाजिक सञ्जाल आउला र बजार लिन्छ भन्ने पिर टिकटकले गरिरहेको छ र टिकटक आएपछि फेसबुकले पनि अब कसरी प्रतिस्पर्धा गर्ने भनेर समयक्रममा उ पनि बदलिएजस्तै हामी पनि हाम्रो बजार कसरी विस्तार गर्ने, गरेर स्थापित भइरहने भनेर चिन्तित छौँ । यहाँहरुले आसपासका सूचना, समाचार दिएर साथ दिइरहनु होला । मधेश सरकार, स्थानीय सरकार, नागरिक सेवासँगै पत्रकारिता भाषा र सभ्यताको पनि पुल हो भन्ने विषयमा हामी गम्भीर छौँ । यहाँहरुमा यही खुशी र प्रतिवद्धता दोहोर्याउन चाहन्छौँ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |



रामकुमार एलन

# सरी, हजुर, सम्पादक मै हुँ

जीवनमा पत्रकारिता गर्ने रहर थियो, गरियो । घर, गाडीघोडा जोड्न सकिएन भनेर चिन्ता पनि छैन । किनभने रोजिएको बाटो अलग थियो, त्यहाँ यस्ता केही पनि पाठ्यक्रम थिएनन् । केहीले चढेका छन्, जोडेका छन् भनेर समाज चोर औंला ठड्याउँछ, कोही बात् छैन । उनीहरुको पृष्ठभूमि खोज्दै जाँदा समाचार लेखेर यो सम्भव छ जस्तो पनि लाग्दैन । अब पत्रिका कसले पढ्छ र भन्नेहरु टन्नै छन् । तर पत्रिका निस्केकै छन् । निस्केका भन्दा ननिस्केका पत्रिकाका सम्पादक र साहु धनी भएको देश हो यो । पत्रिका निकाल्ने हिम्मत गर्नु चैँ चानचुने छैन । डलरमा हिसाब गरेर, भारु भुक्तानी गरेर कागज किनेर नेपालीलाई निःशुल्क पत्रिका बाँड्दा पनि अब पत्रिका कसले पढ्छ भन्नेहरुले न हिजो कुनै पत्रिका किनेर पढेका थिए, न भोलि पढ्नेवाला छन् । यी सबै पत्रिका पसलमा ग्राहकलाई छेकेर उभिएर मुफतमा पत्रिका पढ्नेहरु हुन् । यिनबाट न हिजो पत्रिकालाई माया थियो, न भोलि हुनेछ ।

हो, पत्रिका पढ्ने संख्या कम भएको होइन, पत्रिका पढ्नलायक बनाउन नसकिएको हो । टिकटक हेरे युट्युब हेर्न पर्दैन । युट्युब हेरे फेसबुक हेर्न पर्दैन । फेसबुक पनि नहेरेपछि त तपाईंको समय कति जोगियो–जोगियो, धेरै काम पो भ्याउनु हुन्छ । अचेल मोबाइलमा निहुरेर हामी बिरामी भएका छौँ । मर्न परे पनि सामाजिक सञ्जालमा लाइभ गर्छौं तर मरे–नमरेको पुष्टि गर्न त फेरि प्रहरी मुचुल्काको समाचार त अखबारले छाप्नै पर्छ, फेसबुकमा पुष्टि गर्न मिल्दैन मिल्दैन । सबैको रिस पत्रकारसँग छ । पत्रकारको कोहीसँग रिस छैन । तर पत्रकार असुरक्षित भएका समाचार लेख्दालेख्दै पत्रकारिता नै असुरक्षित हुन्छ भन्ने कसले कल्पना गरेको थियो र ? आज काठमाडौँका पत्रिकाहरु बागमती प्रदेशमै उपत्यकाबाहेक १० जिल्लामा लगभग लोप भइसकेका छन् । पूर्वबाट काठमाडौँका पत्रिका छाप्नेहरु घरभाडा तिर्न नसकेर रंगीन प्रेस अरुलाई जिम्मा लगाएर काठमाडौँ फर्किइसकेका छन् । पत्रकारले तलब नपाएका हुन्, तर पत्रकार लोप हुँदै जानुमा नेताका पछि लागेर, झोले भएर र छेउ न टुप्पाका 'अरेली काँडा'मा टिकटक बनाएर अनि कलाकार कुरा सुनेर बिग्रेका हुन् । सहरबाट पत्रिका गाउँसम्म आयो, रेडियो आयो, टिभी आयो, अनलाइनपछि युट्युब आयो । तर पत्रकारहरु वडाअध्यक्षको प्रेस सल्लाहकारसमेत नछाडेर प्रेसमिट लाइभमा बस्न थालेपछि पत्रिकारिता चैँ सामाजिक सञ्जालले खायो । जुन काम एउटा सामान्य गृहिणीले तरकारी पकाउँदै गर्नसक्छिन्, त्यो काम गाउँटोलका महान पत्रकारले पनि गर्न नसकेपछि पत्रिका मात्रै होइन, पत्रकारिता सकियो ।

तपाईंले वर्षमा कति जनताको कुरा उठाउनु हुन्छ, तपाईंलाई कति प्रतिक्रिया आउँछ ? कति खोजी हुन्छ ? भाषा कति सुधार गर्नुभयो ? तपाईंले लेखेको शैली २०७० सालपछि कति फेरियो ? ल्यापटप र अहिले त मोबाइललाई दोष देखाएर आफू बसेको सहर पनि तपाईं शुद्ध लेख्न सक्नुहुन्न । एकदिन जनकपुरधाम लेख्नु हुन्छ, अर्कोदिन जनकपूरधाम लेख्नु हुन्छ । यो त ठीकै थियो, हुँदाहुँदा 'जनकपुरघाम' लेख्नुहुन्छ । वीरगंजको हालत उस्तै छ । एउटा समाचारमा वीरगंज छ थरि लेख्नुहुन्छः बिरगन्ज, वीरगञ्ज, बीरगंज, बीरगन्ज, विरगंज, विरगञ्ज । तपाईं बिग्रेको कि वीरगंज ? जे लेख्नुहोस्, एउटा लेख्नुहोस् । तपाईंको मोबाइलको किप्याड र ल्यापटप बिग्रँदैमा जनकपुर र वीरगंज कहाँ बिग्रन्छ ? नेताका कुरा सुनेर, कलाकारको उही पुराना डाइलग र नाच हेरेर कोही बिग्रेका छन् भने त्यो पत्रकार बिग्रेको हो । जनता अर्थात् हाम्रा पाठक, स्रोता, दर्शक यति बाठा छन् कि, हामी एउटा पत्रिका, अनलाइन, टिभी, रेडियो, युट्युबका मालिक, सम्पादक सम्झन्छौँ, उनीहरु हामी जस्ताले चलाएका सबै मिडिया हेरेर बाठो भइसक्छन् । उनीहरु हामीभन्दा जान्ने, बुझ्ने छन् । हामी चैँ नेता र कलाकारको उही पुरानो शैलीमा बाँच्नसक्दा सकिने लागेका छौँ । वर्षौं भयो राजेश हमालको फिल्म नआएको, तै पनि महानायक भनिरहन्छौँ । उनी चैँ लोकगीतिर नाच्न थालेका छन् । कलाकारकै सिको गरेर हामी नयाँ केही सिक्दैनौँ । एउटा ठूलो मिडियामा काम गर्न भन्दा आफ्नै अनलाइन, पत्रिका खोलेर साहु र सम्पादक हुन खोज्छौँ, व्यवस्थापन चैँ छाडेको मिडियामा जति गर्न सक्दैनौँ । अनि कसरी पत्रकारिता मौलाउँछ ? पत्रकारिता मौलाउन पत्रकार अब्बल हुनुपर्छ । पत्रकार अब्बल हुन पढ्न पर्छ, अभ्यास हुन पर्छ । आज मात्रै हेटौँडाको एउटा समाचारवाचिकाले भनिन्, 'वडा नम्बर माइनस चार ।' हो, हाम्रो पत्रकारिता यसै 'माइनस' भएको होइन । कहिल्यै सँगै बसेर योजना बनाउँदैनौँ । भेट्यो कि कुरा काट्न र जुध्न, अरुले छापेको समाचार र विज्ञापन हेरेर कि पत्रकारलाई कि विज्ञापन दिनेलाई गाली गर्न खप्पिस छौँ । अनि कसरी उँभो लाग्छौँ । अलिकता आफैँबारे समीक्षा गरौँ । बजार विस्तार गरौँ । नत्र हाम्रो पत्रकारिता कुनै पनि दिन समुन्द्रबाट डाइनोसर लोप भए झैँ हुनेमा शंका छैन । मधेशदृष्टि दोस्रो प्रवेश गर्दा कैयौँ अनुभूति छन् । चाहेर पनि सच्याउन, सुधार्न नसकिएको र दिइएका सामग्रीले अनपेक्षितरुपमा पाठकको मन जितेको सबै अनुभूति छ । एउटा सम्पादकले आफ्ना संवाददातालाई पत्याउने हो । पत्याउँदा, भर पर्दा कहिलेकहीँ भयंकर 'भूल' हुन्छ, त्यस्तो बेला भन्नै पर्छ, 'सरी, हजुर, सम्पादक मै हुँ ।'

## दस्तावेज

# के छ ध्यानाकर्षणपत्रमा ?

**सम्माननीय प्रधानमन्त्रीज्यू,**
**सिंहदरबार, काठमाडौँ ।**

**विषयः ध्यानाकर्षण पत्र ।**

सामन्ती, निरंकुश, केन्द्रिकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडन अन्त्य गर्दै, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, स्थायित्व, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने मुख्य ध्येयका साथ संविधान सभाबाट पारित भएको संविधान निर्माण भएको आठ वर्ष बितिसक्दा पनि प्रदेश सरकारले संविधानको एकल सूचीमा परेको विषयमा आफ्नो अधिकार प्रयोग गर्न नपाएका कारण प्रदेशको शान्तिसुरक्षा, सुशासन र प्रशासनमा प्रदेशको एकल अधिकार सूचीलगायतका विषय कार्यान्वयनमा समस्या उत्पन्न भएको व्यहोरा सम्माननीय प्रधानमन्त्रीज्यूलाई विदित नै छ । संविधानको प्रस्तावनाद्वारा नै स्वीकार्य गरी सकेको 'केन्द्रीकृत र अधिकार एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको'अभ्यास र सञ्चालनमा सम्माननीय प्रधानमन्त्रीज्यूले प्रदेशलाई अधिकारसम्पन्न बनाउन र संघीयतालाई प्रभावकारीरुपमा लागू गर्न सार्वजनिक प्रतिबद्धतासमेत व्यक्त भइरहेको विशेष अवस्थासमेतलाई हृदयङ्गम गर्दै संविधानले परिकल्पना गरेअनुसारको शासन व्यवस्था सञ्चालन हुनका लागि नेपाल सरकारको नेतृत्वदायी भूमिकामा रहनुभएका सम्माननीय प्रधानमन्त्रीज्यूबाट अविलम्ब परिणाममुखी दिशानिर्देशका लागि निम्न विषयहरुमा ध्यानाकर्षणका लागि अनुरोध गर्दछौँ ।

**१. प्रदेश प्रहरीको सम्बन्धमाः**
प्रहरी समायोजन ऐन संघीय संसदबाट पारित भएर २०७६ साल माघ २८ गतेमा प्रमाणीकरण भइसक्दा पनि संविधानको अनुसूची ६ बमोजिम नेपाल सरकारले प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने प्रहरी प्रशासन, कर्मचारी तथा संरचनाहरुको हस्तान्तरण हुनसकेको छैन । जसले गर्दा संविधानले प्रदान गरेको शान्ति सुरक्षाजस्ता प्रदेशको एकल अधिकारको विषय भावकारी कार्यान्वयन हुन सकेको छैन । अतः संघीय संसदले नै पारित गरिसकेको ऐनको भावनाअनुसार अविलम्ब प्रदेश प्रहरी एवम् प्रमुख जिल्ला अधिकारीलाई प्रदेश सरकारमातहत ल्याउन समायोजनका लागि आवश्यक निर्देशन र सहजीकरणको लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई ध्यानाकर्षण गराउन चाहन्छौँ ।

**२. संघीय निजामती सेवा ऐनको सम्बन्धमाः**
संघीय निजामती सेवा ऐन बन्न नसक्दा प्रदेशले जनतालाई प्रभावकारी सेवा दिनका लागि कर्मचारीहरुलाई सरकारी कामकाजमा खटाउन नसकी विभिन्न समस्या सामना गर्दैआएको विदितै छ । अतः प्रदेशमा खटिने सचिवलाई प्रदेश सरकारको मातहतमा रहनेगरी र स्थानीय तहहरुमा खटिने प्रशासकीय अधिकृतहरुलाई प्रदेश सरकार मातहतमा रहनेगरी कर्मचारी खटाउन पाउने अधिकारसहित सो संघीय निजामती सेवा ऐन तत्काल संघीय संसदबाट पारित गर्न वा तत्काल पारित हुन नसक्ने अवस्था भए नागरिकको प्रभावकारी सेवा पाउने अधिकारलाई ध्यानमा राख्दै तत्कालको आवश्यक्तालाई सम्बोधन गर्न अध्यादेशमार्फत भए पनि तद्रुरुप सम्बोधनको लागि ध्यानाकर्षण गराउदछौँ ।

**३. सार्वजनिक जग्गाको प्रयोगको सम्बन्धमाः**
प्रदेश सरकारबाट आफ्नो सेवा सञ्चालनका लागि सरकारी तथा सार्वजनिक जग्गाको उपभोग, प्रयोग गर्नु पर्ने भएको र वर्तमानमा भइरहेको कानुनी व्यवस्था तथा नीतिगत निर्णयहरुबाट अहिलेको विद्यमान अवस्था अन्तर्गत सार्वजनिक पर्ती, ऐलानी, वन क्षेत्रभित्र रहेको जग्गा भूमि आयोगले दर्ता गर्ने कार्य र प्रदेश भित्र रहेको सागरनाथ वन परियोजनासमेत प्रदेश वन मन्त्रालय अन्तर्गत राखी अन्य सरकारी जग्गाहरुको प्रयोग, उपभोग, समुचित व्यवस्थापन र भूमि व्यवस्थापनको अभिलेख राख्न नापी कार्यालय र भूमि प्रशासन कार्यालय प्रदेशअन्तर्गत नरहेको साथै प्रदेश सरकारले जग्गा लिजमा दिन प्रदेश मन्त्रिपरिषदलाई अधिकार नरहँदा हालको समयमा पनि भूमि व्यवस्थापनमा एकात्मक शासन व्यवस्थाले नै निरन्तरता पाइरहेको हुँदा यी अधिकारहरु संघीय शासनव्यवस्थाको अभ्यासका लागि अविलम्ब प्रदेश मन्त्रीपरिषदमा अधिकार हस्तान्तरण हुनको लागि आवश्यक कानुनमा संशोधन, नीतिगत निर्णयहरुमा परिवर्तन हुनका लागि सम्माननीयज्यूको ध्यानाकर्षण गराउदछौँ ।

**४. गुठी जग्गाको सम्बन्धमाः**
संविधानको अनुसूची ६ को क्रम संख्या २१ अनुसार गुठी व्यवस्थापनको जिम्मा प्रदेशको एकल अधिकार रहेको विदितै छ । मधेश प्रदेशको विविधतामध्येको एक धार्मिक मठमन्दिर, पोखरी, गुठी पनि एक हो । मधेशमा थुप्रै जग्गा तथा सम्पत्तिहरु गुठी मातहत छ र ती जग्गा तथा सम्पत्तिको उचित व्यवस्थापन हुन नसकेको, अतिक्रमण हुने गरेको खबरहरु सञ्चारमाध्यमबाट प्रायःजसो नियमितरुपमै आउने गरेको बारेमा पनि सम्माननीयज्यूलाइ अवगत नै छ । संविधानको अनुसूची ६ को क्रम संख्या २१ मार्फत प्रदेशको एकल अधिकारको रुपमा गुठी व्यस्थापन संघीय सरकारको यथोचित प्रयास नभएको कारण प्रदेशले गुठी जग्गासम्बन्धी व्यवस्थापनमा आफ्नो अधिकार प्रयोग गर्न नपाउने अवस्थाको श्रृजना भई संवैधानिक दायित्वको पालना र निर्वाह गर्न सकिरहेका छैनौँ । अतः प्रदेशको एकल अधिकारको रुपमा रहेको गुठी व्यवस्थापनको सम्बन्धमा अविलम्ब आवश्यक कानुनमा संशोधनका लागि सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउदछौँ ।

**५. अर्थसम्बन्धी**
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ को उपदफा (२) बमोजिम प्राप्त हुने मुल्य अभिवृद्धि कर र अन्तः शुल्क करबाट उठेका राजश्वमा नेपाल सरकारले सत्तरी प्रतिशत र प्रदेश सरकार तथा स्थानीय तहलाई १५–१५ प्रतिशत बाँडफाँड गरिने गैरन्यायिक वितरण प्रणालीलाई पुनरावलोकन गरी संघीय सरकारले ५० प्रतिशत, प्रदेश सरकारलाई ३० प्रतिशत, स्थानीय सरकारलाई २० प्रतिशत गर्ने गरी कानुनमा संशोधन गरी व्यवस्थापन हुन अनुरोध गर्दछौ ।

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले संघ, प्रदेश र स्थानीय तहलाई राजश्व बाँडफाँट र अनुदान वितरण गर्ने प्रणालीमा जनसंख्या र मानव विकास सूचाङ्कलाई प्रमुख आधार तथा मापदण्ड बनाई राजश्व बाँडफाँट तथा अनुदान वितरण गर्नका लागि आवश्यक व्यवस्था मिलाउन गम्भीर ध्यानाकर्षणको लागि अनुरोध गर्दछौँ ।

**६. अभियोजनसम्बन्धमाः**
प्रदेशको एकल सूचीमा रहेको विषयमा बनेका कानुनहरुले गर्ने दण्ड र कैदसम्बन्धी व्यवस्था गरेको भए पनि संघीयस्तरबाट अभियोजनको लागि प्रदेशलाई अभियोजनको अधिकार दिनेगरी आवश्यक कानुनमा संशोधन गर्न सहजीकरण नभएकाले प्रदेशबाट निर्मित कानुनको कार्यान्वयनमा पनि जटिलता उत्पन्न भएकोले प्रदेशलाई अभियोजनसम्बन्धी अधिकारको प्रयोगका लागि उचित व्यवस्थापन हुनका लागि पनि ध्यानाकर्षण गराउन चाहन्छौँ ।

अन्त्यमा, सम्माननीय प्रधानमन्त्रीज्यूबाट यी विषयहरुका तत्काल सम्वोधन हुने गरी प्रकृया अगाडि बढाइदिई सम्माननीयज्यूबाट पनि प्रदेशलाई अधिकारसम्पन्न बनाउन र संघीयतालाई प्रभावकारीरुपमा लागू गर्नको लागि सार्वजनिकरुपमा व्यक्त हुँदै आएको प्रतिबद्धताको कार्यान्वयन हुनका लागि अनुरोध गर्दछौँ ।

यी बुँदाहरु कार्यान्वयन नभए ३० दिनपछि हामी संघर्षको कार्यक्रम तय गर्न बाध्य हुनेछौँ ।

**सरोज कुमार यादव**
**मुख्यमन्त्री एवम् जसपा संसदीय दलका नेता**

सरोज कुमार यादव, नेकपा एमाले, संसदीय दलका नेता
कृष्ण प्रसाद यादव, मन्त्री,भौतिक पूर्वाधार विकास मन्त्रालय एवम् नेपाली कांग्रेस, संसदीय दलका नेता
महेश प्रसाद यादव, मन्त्री, शिक्षा तथा संस्कृति मन्त्रालय एवम् जनमत पार्टी, संसदीय दलका नेता
अभिराम शर्मा, लोसपा, संसदीय दलका नेता
भरत साह, नेकपा माओवादी केन्द्र, संसदीय दलका नेता
गोविन्द बहादुर न्यौपाने, मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारि मन्त्रालय एवम् एकीकृत समाजवादी, संसदीय दलका नेता
कंचन विच्छा, राप्रपा, संसदीय दलका नेता
संजय कुमार यादव, मन्त्री, अर्थ मन्त्रालय
सुरिता कुमारी साह, मन्त्री, खेलकूद तथा समाज कल्याण मन्त्रालय
वीरेन्द्र प्रसाद सिंह, मन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
सिंगासन सा कलवार, मन्त्री, ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय
रमेश प्रसाद कुर्मी, मन्त्री, वन तथा वातावरण मन्त्रालय
मोहम्मद समिम, मन्त्री, गृह, सञ्चार तथा कानुन मन्त्रालय
सुनिता यादव, मन्त्री, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
चन्दन कुमार सिंह, मन्त्री, श्रम तथा यातायात मन्त्रालय
शेख अबुल कलाम अजाद, राज्यमन्त्री, ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय
रहबर अन्सारी, राज्यमन्त्री, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय
मा. नागेन्द्र साह, नेपाली कांग्रेस
मा. युवराज भट्टराई, नेकपा माओवादी केन्द्र, उपनेता
मा. रानी शर्मा तिवारी, लोसपा नेपाल
मितिः २०८०–०७–२३ गते

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभफा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन खेलकुद तथा मनोरञ्जनात्मक कार्यमा बित्ला, पारिवारिक मित्रता तथा रमाइलो यात्रा होला ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ नयाँ मित्रहरूसंगको भेटले मन आनन्दित रहला। आर्थिक लाभका नयाँ नयाँ मार्गहरू नि प्रशस्त होलान् ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आजको दिन नयाँ बस्त्र तथा आभुषण प्राप्त हुने योग छ। आटेका वा सोचेका काम कार्यहरू पूरा होलान् ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आजको दिन शिक्षा क्षेत्रमा सफलता पाउनुका साथै कुनै लेख रचना तथा साहित्यिक कार्यको थालनी होला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज कुनै उपहार तथा पुरस्कार प्राप्त हुने योग पनि रहेको छ ।आज दक्षिण तिरको यात्रा नगरेकै राम्रो होला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आजको दिन अपर्झट कुनै पनि स्थानको यात्रा हुनसक्छ, खेलकुद तथा साहित्यिक क्षेत्रमा तपाईंको सहभागीताले उत्साह थपिएला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज हर्ष तथा प्रसन्नताका साथ समय बित्नेछ, आज को दिन आध्यात्मिक चिन्तनमा मन जाने देखिन्छ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
तपाईंको लगनशीलता तथा पराक्रमले कठिन भन्दा कठिन कार्यहरू पनि सहजै सम्पन्न+ होलान् ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आजको दिन धन आर्जनका विभिन्न मार्गहरू प्रशस्त होलान् धन तथा मान प्राप्ति हुनसक्छ, वैदेशिक यात्राका अवसरहरू पनि आउनसक्छ,

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन तपाईंको व्यक्तित्व देखेर सबै प्रभावित होलान् , आर्थिक लेनदेनमा विशेष सावधानी अपनाउनुहोला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन अनावश्यक खर्चको योग आएको छ तपाईंको कमजोरीको फाइदा उठाउलान, धैर्य तथा विवेकले काम लिनुहोला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन तपाईंलाई गुप्त बिद्या तथा शिक्षा प्राप्त होला , आज विशेष परिस्थितिले दिनभर मन रमाउला ।

# अमेरिका नेपालको वृहत्तरहित चाहन्छ



*नेपाल र अमेरिकाले दौत्य सम्बन्ध स्थापना गरेको ७६ वर्षको अवधिमा नेपालको महत्वपूर्ण विकास साझेदारका रुपमा अमेरिकाले नेपालको सामाजिक, आर्थिक विकासमा सदैव सहयोग गर्दै आएको छ । 'प्वाइन्ट फोर प्रोग्राम'मार्फत् सन् १९५१ देखि नेपालको स्वास्थ्य शिक्षा कृषि पूर्वाधारलगायतका क्षेत्रमा सहयोग गर्दै आएको अमेरिकाले पछिल्लो पटक एमसिसीमार्फत ५० करोड अमेरिकी डलरको अनुदान सहायतामार्फत नेपाललाई सबैभन्दा ठूलो धनराशिको अनुदान प्रदान गर्ने देशका रुपमा आफूलाई उभ्याएको छ ।*

**– नारायणप्रकाश (एनपी) साउद**
**परराष्ट्रमन्त्री**

*अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनको निमन्त्रणामा अमेरिकाको पाँचदिने औपचारिक भ्रमणमा वासिङ्टन डिसी आएका नारायणप्रकाश (एनपी) साउदले यहाँ महत्वपूर्ण भेटघाट गरी द्विपक्षीयहितका बहुआयामिक छलफल गरेका छन् । यही कात्तिक १३ गतेदेखि सुरु भएको उनको भ्रमणका क्रममा सोही दिन आफ्ना अमेरिकी समकक्षी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनसँग भेटवार्ता गरेका थिए । तत्पश्चात् उनी पाँच दिन यहाँ रहँदा झण्डै एक दर्जन भेटवार्ता एवं कार्यक्रममा सहभागी भएका थिए । यसक्रममा व्यापार, कूटनीतिक, सूचना प्रविधि, विकास, लगानी, खाद्यसुरक्षा, जलवायु परिवर्तनजस्ता विषयमा अमेरिकी अधिकारीसँग छलफल गरेका साउदले अमेरिकी सहयोग नियोग र मिलेनियम च्यालेञ्ज कर्पोरेशनका उच्च अधिकारीसँगसमेत छलफल गरेका थिए । नेपाल र अमेरिकाले दौत्य सम्बन्ध स्थापना गरेको ७६ वर्षको अवधिमा नेपालको महत्वपूर्ण विकास साझेदारका रुपमा अमेरिकाले नेपालको सामाजिक, आर्थिक विकासमा सदैव सहयोग गर्दै आएको छ । 'प्वाइन्ट फोर प्रोग्राम'मार्फत् सन् १९५१ देखि नेपालको स्वास्थ्य शिक्षा कृषि पूर्वाधारलगायतका क्षेत्रमा सहयोग गर्दै आएको अमेरिकाले पछिल्लो पटक एमसिसीमार्फत ५० करोड अमेरिकी डलरको अनुदान सहायतामार्फत नेपाललाई सबैभन्दा ठूलो धनराशिको अनुदान प्रदान गर्ने देशका रुपमा आफूलाई उभ्याएको छ । भूगोलले विपरीत र टाढा रहे पनि नेपाली नागरिकसँगको सम्बन्धमा भने अमेरिका नजिक छ । अमेरिकामा रहेका नेपाली अमेरिकनका कारणले पछिल्ला दशकमा नागरिकस्तरको सम्बन्धसमेत मजबुत हुँदै गएको विश्लेषकहरुको भनाइ छ । यी र यस्तै अवस्थामा नेपालले आफ्नो आर्थिक विकासका लागि अमेरिकामा रहेको पुँजी र प्रविधिबाट लाभ लिने प्रयत्न पनि गरिरहेको छ । यस्तो अवस्थामा नेपाल सरकारकोतर्फबाट परराष्ट्रमन्त्री एनपी साउदको भ्रमणले दुई देशबीचको सम्बन्धलाई थप उचाइ प्रदान गरेको टिप्पणी कूटनीतिक वृत्तमा गरिएको छ । उनको यो भ्रमण र भेटघाट दुई देशबीचमा यो स्तरमा पाँच वर्षपछि भएको पटक भएको हो ।*
*नेपाल–अमेरिका सम्बन्धका विविध पक्ष, उनको पछिल्लो अमेरिका भ्रमण, नेपालमा अमेरिकी लगानी तथा सहयोगको चासोसहितका विविध क्षेत्रहरु समेटेर अमेरिका भ्रमणकै क्रममा गतहप्ता वासिङ्टन डिसीमा मन्त्री साउदसँग राससका अमेरिका प्रतिनिधि मधुकर अधिकारीले गरेका अन्तर्वार्ताको सम्पादित अंशः*

**नेपाल सरकार र अमेरिकी सरकारका उच्च अधिकारीहरु तपाईं र अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनबीच भेटवार्ता भयो । दुई देशकाबीचमा पाँच वर्षपछि भएको यस भेटवार्ता कस्तो रह्यो ?**

म अमेरिकी महामहिम एन्टोनी ब्लिङ्केनको औपचारिक भ्रमणमा आएको हुँ । नेपाल र अमेरिकाबीच लामो समयदेखि घनिष्ट सम्बन्ध रहँदै आएको छ । ७६ वर्ष अगाडि नेपाल र अमेरिकाबीच कूटनीतिक सम्बन्ध कायम भएको हो । नेपालले कूटनीतिक सम्बन्ध स्थापना गरेको देशमा अमेरिका दोस्रो हो । संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्तिदेखि नेपालको विकास निर्माण स्वास्थ्य, खानेपानी प्रजातन्त्रको सम्वद्र्धन प्रवद्र्धन, गरिबी निवारणजस्ता कुराहरुमा अमेरिकाले नेपाललाई सहयोग दिँदै आएको छ । नेपालसँग घनिष्ट सम्बन्धी रही आएको अमेरिका सबैभन्दा ठूलो दातृ राष्टका रुपमा स्थापित भइसकेको छ । एमसिसी युएसएआइडीको सहयोग मार्फत नेपाललाई अनुदान दिने ठूला राष्ट्रहरुमा अमेरिका सूचीकृत छ । यस्तो सम्बन्ध भएको देशमा नियमतिरुपमा उच्चस्तरीय भ्रमणको आदानप्रदान जरुरी छ । यो पटक अमेरिकाले आमन्त्रण गरेकाले म नेपाल सरकारको प्रतिनिधित्व गर्दै आएको हुँ । नेपालका विकासका विविध पक्ष र सम्बन्धका धेरै आयामका बारेमा हामी विमर्श गरेका छौँ ।

**नेपालमा अमेरिकाले गर्दै आएको सहयोग र पछिल्लो पटक एमसिसीलगायत अरु आयोजनाहरुको कार्यान्वयनमा चासो राख्दै आएको देखिन्छ, यस विषयमा केही छलफल भयो ?**

नेपालले आगामी सन् २०२६ मा अति कम विकसित देशबाट मध्यमस्तरको विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने प्रयास गरिरहेका छौँ । यो हाम्रो प्रयत्नलाई स्पष्ट दिगो र पछाडि फर्कन नपरोस् भन्ने कुरामा नेपालले कोशिस गरेको छ । यो कामका लागि एउटा प्रमुख दातृराष्ट्रको नाताले अमेरिकाले पनि सहयोग गर्दै आएको छ । नेपालको बजेटमा समेत प्रतिविम्बित हुने गरेर अनुदान सहायता उपलब्ध गराउँदै आएको छ । एमसिसी परियोजनामार्फत विद्युत् प्रसारण लाइन र सडक निर्माणका लागि पनि ठूलो रकम अनुदानको सहयोग गर्दै आएको छ । कृषि, खाद्यसुरक्षाका लागि कृषिको विकास हुन जरुरी छ । अन्य क्षेत्रमा पनि सहयोग, लगानी र प्रविधिका क्षेत्रमा केबल अनुदान र सहयोग मात्र होइन कि हामीहरुलाई लगानीको आवश्यकतासमेत भएकाले नेपाललाई प्रविधिसम्म पहुँच चाहिएको र लगानीका लागि प्रत्यक्ष लाभ लिनसक्ने क्षेत्रमा तपाईहरुले लगानी गर्नुपर्‍यो भनेर मैले आग्रह गरेँ ।

**नेपाल र अमेरिकाबीच हुँदै आएको पारस्परिक सम्बन्धका महत्वपूर्ण पाटाहरु छन् । तर केही आलोचकहरु अमेरिकाको सुरक्षा छातामा नेपाल जान लागेको पनि भन्दै छन् । यसमा अमेरिकाको भ्रमण गर्दै गर्दा मन्त्रीज्यूको के प्रतिक्रिया छ ?**

नेपालले एउटा असंलग्न परराष्ट्र नीति अँगाल्दै आएको छ । हामी संयुक्त राष्ट्रसङ्घको वडापत्र र पञ्चशीलको सिद्धान्तमा अभ्यस्त रहँदै आएका छौँ । यसमा हामीहरुको विश्वास छ । हामीहरुको छिमेकीलगायत अन्य देशसँग सुमुधुर सम्बन्ध रहँदै आएको छ । हामीले हाम्रो दुई सय ५० वर्षको कूटनीतिक अनुभवलाई मुलुकको उन्नति प्रगति र जनताका हितका लागि प्रयोग गर्न चाहन्छौँ ।मित्रराष्ट्रहरुसँग पनि त्यसैअनुसार सम्बन्ध सुदृढ गरेर अगाडि बढिराखेका छौँ । जहाँसम्म अमेरिकाको कुरा छ, नेपालको वृहत्तरहित र उन्नति लागि एउटा निःस्वार्थ सहयोगीका रुपमा लामो समयदेखि आफूलाई प्रस्तुत गर्दै आएको मैले महसुस गरेको छु । त्यसैले हाम्रो नीति असंलग्न परराष्ट्रबाट निर्देशित छ र हामी त्यहीअनुसार अगाडि बढ्छौँ ।अमेरिका हामीहरुको एक मित्रराष्ट्र हो र यसले नेपालप्रति सद्भाव राख्दै आएको छ । हामीले पनि अमेरिकी प्रविधि, पुँजी, लगानीलाई हरेक सम्भावना भएका क्षेत्रमा परिचालन गर्नुपर्दछ । हामीले अमेरिकी सदाशयतालाई उपयोग गरेर आफ्नो समृद्धिको यात्रा तय गर्नुपर्छ । अमेरिकी सरकार र यहाँका नागरिकको सद्भाव र समृद्धिबाट हामीले पनि लाभ लिन सक्ने हुनुपर्दछ । यसपटक मैले यहाँ गरेका द्विपक्षीय भेटवार्ताहरुमा यी पक्षहरुलाई पनि विशेष ध्यान दिएको छु ।

**यसपटक यहाँले एमसिसी परियोजनाको कार्यान्वयनका बारेमा छलफल गर्नुभयो । एमसिसीको कार्ययोजनाअनुसार कतिपय देशहरुले दोस्रो परियोजनामा पनि सम्झौता गरेको देखिन्छ, नेपालले पनि यस सम्बन्धमा केही गृहकार्य गरेको छ कि ?**

अहिले एमसिसी कार्यान्वयनमा गइसकेको छ । अमेरिकी अनुदान र नेपालको पनि लगानी भएको परियोजना, दुवै देशको प्रतिष्ठा र सपनासँग जोडिएको छ । यो मैत्रीपूर्ण आयोजनाको तोकिएका समयमा नै पूरा गर्न सकियोस् भनेर दुवै सरकार चिन्तित छौँ । एमसिसीका थप परियोजना भविष्यमा फेरि आकर्षित गर्न सक्नेछौँ भन्ने मलाई विश्वास छ । हामी लक्षित आयोजनाहरु समयमै सम्पन्न गर्नेछौँ ।

**तपाईंले परराष्ट्रमन्त्रीको जिम्मेवारी सम्हालिसकेपछि विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा देखिने तरिकाले सहभागिता जनाइरहनुभएको छ । यसलाई दिगोरुपमा अगाडि बढाएर भविष्यमा रणनीतिकरुपमा स्थापित गराउने कुनै सोच राख्नुभएको छ ?**

नेपाल एक स्वतन्त्र राष्ट्रका रुपमा रहँदै आएको छ । अन्तर्राष्ट्रिय कूटनीतिमा पनि हामीहरुको आफना अनुभवहरु छन् हाम्रा नीतिहरुसमय परिस्थिति र आवश्यकताअनुसार परिमार्जन हुँदै अगाडि बढिरहेका छन् । त्यसका लागि नीतिगत र संरचनागत परिवर्तन आवश्यक हुन्छ । सरकारका तर्फबाट हामीहरुले परराष्ट्र मन्त्रालयमा पनि पुनःसंरचना गर्नुपर्ने आवश्यकता महसुस गरेका छौँ । अब परम्परागत कूटनीतिक शैलीले मात्रै परिवर्तनशील समाजको वर्तमान आकाङ्क्षा परिपूर्ति हुन सक्दैन । अब कूटनीतिमात्र नभई विकासका लागि र आर्थिक समृद्धिका लागि एउटा जरुरी भइसकेको छ । परराष्ट्र मन्त्रालयभित्र श्रम समस्यालाई समाधान गर्नु, आर्थिक कूटनीतिलाई विस्तार गर्नु र लगभग पाँच भागको एक भाग जनसङ्ख्या बाहिर रहेको नेपालीको सेवा प्रवाहलाई स्तरीय र मर्यादित बनाउनका लागि हामीहरुले आपूmलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता मैले देखेको छु ।

**नेपालको कूटनीति कहिलेकाहीँ उत्तेजनामा बहकिने गरेको छ भन्ने गरेको पनि सुनिन्छ । तपाईंले मन्त्रालय सम्हालेपछि यसलाई कसरी व्यवस्थापन गर्नुभएको छ ?**

वास्तवमा कूटनीति बहकावमा होइन कि समस्याको यथार्थ बुझाइ र राष्ट्रहरुकोबीचको परस्पर हितको प्रतिविम्ब हुनपर्छ । दुईपक्षीय या बहुपक्षीय मामिलामा हुने वार्ताहरु हमेसा सहज हुन्छन् भन्ने छैन । यस्ता किसिमिका जटिल वार्तामा पनि राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेर मुलुकले अगाडि बढ्नुपर्ने हुन्छ । नेपाल आफ्नो नीतिगत मान्यता, अनुभवहरु र भविष्यका कार्ययोजनालाई केन्द्रमा राखेर अघि बढिरहेको छ । हामी जस्तासुकै समस्याहरु पनि कूटनीतिक तवरबाट र वार्ताको टेबलमा बसेर समाधान गर्न सक्छौँ भन्ने मलाई लाग्छ । हाम्रो कूटनीतिक प्रयास पनि यसैतर्फ लक्षित हुनुपर्छ भन्ने मेरो विश्वास हो ।

**परराष्ट्र मन्त्रालयका जिम्मेवारी सम्हाल्दै गर्दा केकस्ता चुनौतीको सामना गर्नुपरेको छ ?**

परराष्ट्र नीति एउटा व्यक्ति या पार्टी विशेषको हुनु हुँदैन । परराष्ट्र नीतिले समसामयिक राजनीति, कूटनीति, विकास र राष्ट्रिय सहमतिलाई पनि प्रतिविम्बित गर्नुपर्छ । परराष्ट्र नीतिलाई आन्तरिक राजनीतिको या द्वन्द्वको प्रतिछायाँ बनायो भने हाम्रो देश र हामीप्रतिको बाह्य दृष्टिकोण नकारात्मक हुनसक्छ । त्यसकारण आन्तरिक राजनीतिलाई पनि सुदृढ र बलियो बनाउँदै लैजाने र त्यसलाई बाह्य संसारमा पनि प्रभावकारी किसिमले मुखरित गर्न सक्यौँ भने परराष्ट्र नीति सफल हुन्छ । मैले देश बाहिर जाँदा जहिले पनि आफ्नो देशको राष्ट्रिय सहमतिको प्रतिनिधित्व गरेको छु । राष्ट्रिय हितको प्रतिनिधित्व गरेको छु । साथै जनतालाई र उनीहरुको आकाङ्क्षाहरुलाई केन्द्रमा राखेको छु । राजनीतिमा विवाद हुन्छ, प्रतिस्पर्धात्मक राजनीतिमा यो विवाद अलि बढी पनि हुनसक्छ । बहुदलीय संसदीय व्यवस्थाभित्र विवादलाई हामीले स्वाभाविकरुपमा लिएका छौँ । यसरी हुने विवाद नेपालको बाह्य संसारलाई हेर्ने दृष्टिकोण, देशको प्रतिरक्षा, देशको आर्थिक हितमा आघात नपुग्ने गरेर मात्रै हामी अगाडि बढ्नुपर्छ । यदि हामीहरु यी कुरामा सचेत भएनौँ भने र त्यसो भएन भने बाह्य शक्तिले पनि आन्तरिक राजनीतिमा खेल्ने 'स्पेस' पाउन सक्दछन् । हामी यस्तोमा सर्तकतापूर्वक अगाडि बढ्नुपर्छ ।

**कतिपय देशमा कूटनीतिक नियोगले प्रभावकारी काम गर्न सकेनन् भन्ने गुनासो पनि आउने गरेको छ । यसलाई कसरी सम्बोधन गर्नुहुन्छ ?**

सरकारले गर्ने कामलाई प्रभावकारी बनाउँदै सरकारले गर्न नसक्ने कामको 'डायस्पोरा'मा रहनुभएकाहरुको हित हुने गरेर कुनै 'आउट सोर्सिङ'को प्रक्रियाबाट पनि यो समस्याको समाधान गर्न सकिन्छ । अब परराष्ट्र मन्त्रालय पुरानै ढर्रामा चलाएर मुलुकबाहिर रहेको करिब ६० लाख मानिसको ठूलो सङ्ख्याको समस्या समाधान हुन सक्दैन भन्ने मलाई लाग्छ ।
हाम्रो मुलुकमा अहिले पनि वर्षमा कम्तीमा १२ खर्ब रेमिटेन्स भित्रिइरहेको छ । यत्रो रकम नेपालमा पठाउने नेपालीको सेवा प्रवाह मैत्रीपूर्ण, सेवाभावले भरिएको हुनुपर्छ । उनीहरुका समस्यालाई सरकारले आत्मसात् गरेर, सम्बोधन गरेर अगाडि बढ्नुपर्छ । त्यस्तै बदलिँदो विश्व परिवेशमा नेपाललाई लाभ हुने गरी कूटनीतिक कौशलता प्रदर्शन गर्नुपर्नेछ । आर्थिक कूटनीतिका माध्यमबाट नेपालमा लगानीको आकर्षणलाई पनि विश्वमा पुर्याउनुछ । यसका लागि दरिलो र अब्बल परराष्ट्र नीति र त्यस बमोजिमको कौशलता अहिलेको आवश्यकता हो ।

○ ○ ○

# सांसद 'अलराउण्डर' होः शाही



**काठमाडौँ ।**
विद्यार्थीकालदेखि राजनीतिमा होमिएका सांसद दयालबहादुर शाहीको पहिचान राजनीतिककर्मीका साथै सिद्धहस्त लेखक–विश्लेषकका रुपमा पनि स्थापित छ । झर्रा ि र उखान–टुक्काको शैलीका अभिव्यक्तिका साथ खरो राजनीतिक टिप्पणीकारका रुपमा चिनिने उनी नेकपा (एमाले) बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् । सांसद शाही एमालेको बाजुरा–काठमाडौँ सम्पर्क मञ्चको अध्यक्ष, बाजुरा जिल्ला कमिटी उपसचिव, जिल्ला सचिव, पार्टीको केन्द्रीय स्कुल विभाग सदस्य हुँदै हाल केन्द्रीय सदस्यको जिम्मेवारीमा छन् । उनी राष्ट्रिय समाचार समिति (रासस)को पूर्व सञ्चालक समिति सदस्य र औद्योगोकि क्षेत्र व्यवस्थापन लिमिटेडको पूर्वअध्यक्षसमेत हुन् । पार्टीमा लाग्नु र संसदीय जिम्मेवारीमा रहनुलाई सांसद शाही नियमित एवं सामान्य घटनाक्रमकै रुपमा लिन्छन् । एमालेको 'जनताको बहुदलीय जनवाद'को सिद्धान्तबमोजिम जनताकै बीचमा पार्टीका नेता र कार्यकर्ता रहनुपर्ने भएकाले सांसद हुँदा पनि जिम्मेवारीबोधकै वरिपरि आफूलाई अनुभूत गराएको उनको बुझाइ छ ।सङ्घीय संसद्को हालै सम्पन्न वर्षे अधिवेशनकको मूल्याङ्कन कसरी गर्छन भन्ने प्रश्नमा सांसद शाही त्यसभन्दा संसद्को अघिल्लो कार्यकालमा आफ्ना पार्टीका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारलाई विस्थापन गरेर बनाइएको गठबन्धनको नियतिको चिरफारको खाँचो देख्छन् । 'वर्तमान गठबन्धनले आफू पनि नगर्ने र अरुलाई पनि गर्न नदिने नीति लिएको देखिन्छ । संसद्, सरकार र प्रतिपक्षको मात्र होइन यो कार्यपालिकाको मुहान हो । तर सरकारको नेतृत्वले व्यवस्थापिका र कार्यपालिकालाई निर्वाधरुपमा सञ्चालन गर्ने सोच राखेको देखिँदैन', उनले भने, 'एमालेले सदन र जनताका बीचमा वर्तमान गठबन्धन र यसको नेतृत्वका गलत सोच तथा क्रियाकलापलाई चिर्दै देश र जनताका पक्षमा आफूलाई प्रस्तुत गर्दै आएको छ । मुलुकमा सङ्घीय गणतन्त्रको सहज कार्यान्वयनमा जोड दिएको छ । सदनको गत अधिवेशनलाई पनि यही सेरोफेरोमा राखेर हेर्नुपर्ने हुन्छ ।' प्रमुख प्रतिपक्षबाट पनि बेला बेलामा सदनको अवरोध गरिएका कारण कानुन निर्माणमा ढिलाइ भएको त होइन ? भन्ने प्रश्नमा सांसद शाहीले संसद्बाट कानुन बनाउने प्राथमिकता, चिन्तन र निष्ठा वर्तमान सरकारको नदेखिएको आरोप लगाउँदै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा एक सय ४६ कानुन बनेका दृष्टान्त प्रस्तुत गर्छन् । विपक्षीका कुरालाई तत्काल सम्बोधन गरिएमा सदनमा अवरोध नहुने तर्कसहित उनी भन्छन्, 'अवरोध नहुनु नै विकास वा अवरोध हुनु नै विकासबाधक होइन । अवरोधले कहिलेकाँही विकास र गतिशीलता दिन्छ । कहिलेकाँही अवरोध विनाश पनि बन्न सक्छ । एमालेले अवरोध गर्दा विकास र गतिशीलता हुन्छ । यो कुरा नेपाली जनताले राम्रोसँग बुझेका छन् ।' सांसद कानुन निर्माता भएकाले उनीहरू विकासका सानातिना कामका लागि मन्त्रालय धाउनु हुँदैन भन्ने भाष्यमा सांसद शाहीको फरक बुझाइ छ । 'सांसद भनेको कानुन निर्माता त हो नै । ऊ अलराउण्डर पनि हो ।
उहाँहरूले अरु काम गर्न हुँदैन भनिनु सोझासाझा सांसदलाई हेप्ने प्रवृत्ति हो', उनले भने, 'सांसद जनताको प्रतिनिधि हो । जनताकै छोराछोरी हो ।
जनताका लागि जहिले जे आवश्यक पर्छ, त्यो उसले गर्नुपर्छ । एमालेका सांसद सबै कार्यकर्ता र जनतासँग नै जोडिएका छन् ।' राज्यका निकाय कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीचको सन्तुलन तथा समन्वयका सवालमा सांसद शाही सन्तुष्ट छैनन् । सन्तुलन र समन्वयमा सरकारले नै पर्याप्त काम गर्न नसकेको उनको आरोप छ । सर्वा िच्च अदालतले सदनबाट पारित भएको बजेटमा परेको सांसद विकास पूर्वाधार कोषलाई कार्यान्वयन नगर्न आदेश दिएकामा उनको चित्त दुःखेको छ । 'यो जनप्रतिनिधिको नासो हो । यसलाई कार्यान्वयन हुन दिनुर्छ । जनताको सेवाका निम्ति सांसदलाई काम गर्न सहजरुपमा दिनुपर्छ ।' सांसदको अध्ययन र त्यसको वातावरणका विषयमा जिज्ञासा राख्दा उनी भन्छन्, 'जसरी चुनाव जितेर आउनैपर्ने बाध्यताका कारण पछिल्ला दशकमा सांसदको स्तर खस्किएको छ । लोकतान्त्रिक चेतनामा फ्युज गएको छ । समाजमा अराजकता बढेको छ । तर पनि हाम्रो निष्ठा र जनसेवाप्रतिको प्रतिबद्धता निरन्तर जारी रहनेछ ।'

# नेपालमा लगानी गर्न अर्थमन्त्रीको आग्रह




**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालमा लगानी गर्न एसियाका बैंकहरुलाई आग्रह गर्नुभएको छ । बिहीबारदेखि सुरु भएको एसियन बैंकर सङ्घको सम्मेलनमा अर्थमन्त्री डा महतले नेपालमा लगानीका प्रशस्त सम्भावना रहेको भन्दै एसियन मुलुकका बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ)समक्ष लगानी गर्न आह्वान गरे । 'नेपालमा निजी क्षेत्रका साथै विदेशी लगानीकर्ताका लागि ठूलो सम्भावना छ', अर्थमन्त्री डा महतले भने, 'भारतले १० वर्षमा १० हजार मेगावट जलविद्युत खरिद गर्ने प्रतिवद्धता जनाइसकेको अवस्थामा जलविद्युतमा लगानीको प्रशस्त सम्भावना छ । त्यसैले जलविद्युत्मा ढुक्कसँग लगानी गर्नुस् । सहजिकरणका लागि सरकार प्रतिबद्ध छ ।' सरकारले नीतिगत रुपमा व्यवस्था गरी हरित ऊर्जालाई प्रोत्साहन गर्ने भन्दै उनले अर्थतन्त्रका सबै क्षेत्रलाई कार्बनरहित बनाउँदै सन् २०४५ भित्र शून्य कार्बन उत्सर्जनमा पुग्ने लक्ष्य रहेको उल्लेख गरे । विश्व बैंक र एसियाली विकास बैंकले पनि नेपालको ठूला जलविद्युत् आयोजनामा लगानी गर्ने प्रतिबद्धता जनाएको भन्दै उनले विदेशी लगानी आकर्षण गर्न सरकारले लगानीमैत्री वातावरण बनाउनेमा विश्वास दिलाए । उनले पछिल्लो समय नेपालको जलविद्युत क्षेत्रमा वैदेशिक लगानी वृद्धि हुँदै गएको बताए । सरकारले विद्युत् उत्पादन, साना उद्योग तथा कृषिमा प्रमुख प्राथमिकतामा राखेर नीतिगत व्यवस्था गरिहरको अर्थमन्त्रीको भनाइ छ ।नेपाल राष्ट्र बैंकका गभर्नर महप्रसाद अधिकारीले विभिन्न चुनौतीकाबीच मुलुकको अर्थतन्त्र सामान्य अवस्थामा रहेको र यसलाई थप गतिशिल बनाउन जरुरी भएको उल्लेख गरे ।

उनले आर्थिक वृद्धिमा प्रत्यक्ष योगदान पु¥याउने क्षेत्रमा बैंकिङ क्षेत्रका स्रोतसाधनलाई पूर्णरुपमा पुनर्संरचना गर्ने बेला आएको भन्दै दिगो आर्थिक वृद्धि हासिल गर्न जरुरी रहेको बताए । गभर्नर अधिकारीले धेरैजसो विकसित अर्थतन्त्रमा मुद्रास्फीति मध्यम रहेको उल्लेख गर्दै मुलुकको मुद्रास्फीति अझै पनि केन्द्रीय बैंकको लक्ष्यभन्दा माथि रहेको बताए । उनले केही उदीयमान बजार र विकासशील अर्थतन्त्रहरूले अझै पनि उच्च मुद्रास्फीतिको सामना गरिरहेको बताए ।

उनले भने, 'मध्यपूर्वमा भर्खरै बढ्दो इजरायल–हमास युद्ध र लामो समयसम्म रुस–युक्रेन संकटले मूल्य स्थिरता कायम राख्न चुनौती खडा गरेको छ । फलस्वरूप, धेरै केन्द्रीय बैंकले मौद्रिक नीतिमार्फत कडाइ जारी राखेका छन् । जसले गर्दा लामो समयसम्म उच्च ब्याजदरको सामना गरेनुपरेको देखिन्छ ।' नेपाली बैंकले छोटो समयमा प्रगति गरेको भन्दै गभर्नर अधिकारीले डिजिटल बैंकिङ प्रणालीको विकास गर्नुपर्नेमा जोड दिए । एसियाली बैंकहरुले खराब कर्जा वृद्धि हुन नदिन सम्भावित जोखिमलाई आत्मसाथ गरेर व्यवस्थानलाई प्रभावकारी बनाउनुपर्ने खाँचो औंल्याए । गभर्नर अधिकारीले द्रुत प्राविधिक परिवर्तनले बैंकिङ प्रणालीमा धेरै फाइदा पुगेको र यसले बैंकिङलाई व्यवसायमा रूपान्तरण गरिरहेको भन्दै यसको दिगोपनाका लागि सहज रहनुपर्नेमा जोड दिए । एसियन बैंकर सङ्घका अध्यक्ष युजेन एसभेडोले एसियन मुलुकको समग्र अर्थतन्त्रको दिगोपनाका लागि सहकार्यका साथ प्रभावकारी योजना कार्यक्रम अगाडि बढाउनुपर्ने खाँचो औंल्याए । उनले एसियाली बैंकको आगामी रणनीतिबारे अवधारणा बनाउन सम्मेलनले मद्दत पुग्ने विश्वास व्यक्त गरे । नेपाल बैंकर सङ्घका अध्यक्ष सुनील केसीले नेपालमा पहिलो पटक आयोजना भएको एसियन मुलुकका बैङकका सिइओसहितको सम्मेलनले नेपाली बैंकिङ क्षेत्रलाई चुनौतिपूर्ण परिस्थितिबाट उठेर आगामी दिनमा कसरी प्रभावकारी भूमिका खेल्नेभन्नेबारे दीर्घकालीन रणनीति तय गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे । नेपाल बैंकर सङघ र एशियन बैंकर सङघको संयुक्त आयोजनामा भएको दुई दिने सम्मेलनमा सदस्य १८ देशका ६० भन्दा बढी बैंक तथा वित्तीय क्षेत्रका प्रतिनिधिको सहभागीता छ ।

# 'पहिले गोरु, अहिले पावर टिलर'



**कञ्चनपुर ।**
जिल्लाको शुक्लाफाँटा नगरपालिका–३ पिपलाडीका चेतराज चौधरी आजभोलि खेत जोत्नमा व्यस्त हुनुहुन्छ । उनले खेतीपातीका लागि खेत जोत्न राँगा, गोरुको प्रयोग गर्न छाड्ेको वर्ष भइसक्यो । खेत जोत्नका लागि उनी अचेल ट्रयाक्टर, 'पावर टिलर'को प्रयोग गर्छन् । पिपलाडीमा चौधरीको साँढे चार बिघा जमिन छ । वर्षौंदेखि उनले तरकारी, उखु, गहुँ तथा धानखेती गर्दै आएका छन् । 'पहिले राँगाले खेत जोत्थे, अहिले पावर टिलर छ, खेतीपाती गर्नका लागि अहिले प्रविधिको प्रयोग बढेको छ', उनले भने, 'प्रविधिको प्रयोगले धेरै किसानलाई धेरै सहजता थपेको छ ।' कुरेरुवा किसान समूहमा आवद्ध उनले सरकारी अनुदानमा कृषियन्त्र खरिद गरेका थिए । उनीहरुसँग अहिले बालीनाली काट्नका लागि रिपर, रोपाइँ गर्नका लागि हिलो चक्का, जोत्नलाई पावर टिलर लगायतका उपकरण छन् ।

'खेत जोत्न, धान, गहुँ काट्नलगायत सम्पूर्ण कृषिकर्मका लागि उपकरणको प्रयोग गर्छौं', उनले भने, 'कृषिमा परम्पराग शैली विस्थापित भएर नयाँ प्रविधि भित्रिएको छ ।' शुक्लाफाँटा नगरपालिका–२ लक्ष्मीपुरकी अनिला चौधरीले पनि केही वर्षयता खेतीपातीमा प्रविधिको प्रयोग गर्न थालेका छन् । 'कम समयमै सहजै खेतीपाती गर्न सकिन्छ, अहिले गाउँमा अधिकांस कृषियन्त्रको प्रयोग गरेर खेतीपाती गर्छन्', उनले भने, 'यसले समयको बचत गरेको छ, उत्पादन पनि बढेको छ ।' जनशक्ति, लागत र समयसमेत कम लाग्ने भएपछि पछिल्लो समय कञ्चनपुरमा कृषि क्षेत्रमा यान्त्रिकरण प्रयोग बढ्दै गएको छ । प्रविधिको प्रयोगमा किसानको आकर्षण बढ्दो छ । मानवीय श्रमसाधन अभाव भइरहेको अवस्थामा कृषिमा यान्त्रिकीकरणको प्रयोग गरेर खेती हुन थालेपछि किसन आत्मनिर्भर हुन थालेका छन् ।

'पहिले पहिले परम्परागत तरिकाले खेती गर्थ्यौं, त्यसले जनशक्ति र लागत बढी लागेपनि उत्पादन कम हुन्थ्यो', चौधरीले भने, 'अहिले कृषियन्त्र उपकरणको प्रयोगले खेती गर्दैछौँ, यसले कम लागतमा बढी उत्पादन हुने गरेको छ ।' कञ्चनपुरमा सरकारी तथा अन्य निकायका विभिन्न कार्यक्रमबाट नयाँ नयाँ प्रविधि भित्रिएसँगै कृषिकर्ममा सहजता थलेको छ । गाउँमा काम गर्ने युवा वैदेशिक रोजगारीका साथै अन्य क्षेत्रमा काम गर्न जाँदा कृषि क्षेत्रमा काम गर्ने जनशक्तिको अभाव हुने गरेको छ । जनशक्ति एकदमै महगिँदै गइरहेको अवस्थामा कृषि यान्त्रिकरणले कम खर्चमा उत्पादनमा वृद्धि हुने भएकाले प्रविधितर्फ किसानको आकर्षण बढेको चेतराज चौधरी बताउँछन् । 'विगतको जस्तो काम गर्ने जनशक्ति पनि छैनन्, कम जनशक्ति हुँदा प्रविधिले सहज गरेको छ', उनले भने, 'अगाडि खेत जोत्न महिना दिन लाग्नेमा अहिले एक÷दुई सातामै सकिन्छ ।' कञ्चनपुरको कृषि क्षेत्रमा यन्त्र उपकरणको प्रयोग बढेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी हरिदत्त जोशीले बताए । 'कृषि कर्ममा प्रयोग हुने नयाँ नयाँ यन्त्र, उपकरण सबैतिर पुगेका छन्, परम्परागत शैलीलाई प्रविधिले विस्थापित गरेकाटे छ', उनले भने, 'व्यक्तिगत किनेर वा अनुदानमा किसानको पहुँचमा प्रविधि पुगेको छ ।' उनका अनुसार पुनर्वास, बेलौरी, लालझाडी, बेदकोट, शुक्लाफाँटा, कृष्णपुर, दोधारा चाँदनी, भीमदत्तलगायत ठाउँको कृषि क्षेत्रमा साना, ठूला उपकरणको प्रयोग भइरहेको छ ।

# महिला क्रिकेट टोलीको कप्तानमा इन्दु वर्मा



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल क्रिकेट संघ (क्यान)ले राष्ट्रिय महिला क्रिकेट टिमको कप्तानमा इन्दु बर्मालाई नियुक्त गरेको छ । बिहीबार क्यानले बर्मालाई कप्तान नियुक्त गरिएको जानकारी दिएको हो । क्यानले यसअघिकी कप्तान रुबिना छेत्रीलाई धन्यवादसमेत दिएको छ । रुबिनाले करिब ११ वर्ष नेपाली राष्ट्रिय महिला टोलीको कप्तानी सम्हालेकी थिइन् । साथै क्यानले यही नोभेम्बर १५ देखि हङकङमा हुने ट्वान्टी–२० अन्तर्राष्ट्रिय शृंखलाका लागि बर्माको कप्तानीमा १४ सदस्यीय टोली चयनसमेत गरेको छ ।टोलीमा बिन्दु रावल उपकप्तानका रूपमा रहेकी छिन् ।

साथै सदस्यहरूमा रुबिना क्षेत्री, सीता राना मगर, अश्मिना कर्माचार्य, काजोल श्रेष्ठ, कञ्चन श्रेष्ठ, सोमु विष्ट, पूजा महतो, रोमा थापा, संगीता राई, खुसी डंगोल, सम्झना खड्का र सोनी पाख्रिन रहेकी छिन् । शृंखलामा आयोजक हङकङसहित नेपाल, तान्जानिया र जापान रहेका छन् ।

प्रतियोगिताअन्तर्गतको पहिलो खेल नेपालले तान्जानियासँग खेल्ने भएको छ ।नेपालले तान्जानियासँग आउँदो २९ गते खेल्नेछ । यस्तै, दोस्रो खेलमा ३० गते हङकङसँग खेल्नेछ भने तेस्रो खेल मंसिर २ गते जापानसँग खेल्नेछ । फाइनल खेल मंसिर ३ गते हुनेछ ।

# रुसलाई हतियार दिएको भन्दै उत्तर कोरियाको आलोचना

**एएफपी**
**सोल ।**
आफ्नो प्रमुख सहयोगी दक्षिण कोरियाका शीर्ष अधिकारीहरूसँगको बैठकपछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङकेनले बिहीबार युक्रेनमाथि रुसी आक्रमणमा सहयोग गर्न रुसमा हतियार पठाएकामा उत्तर कोरियाको आलोचना गरेका छन् । अमेरिका, दक्षिण कोरिया र जापानले हालैका सातामा युक्रेनमा रुसको सैन्य अभियानलाई अगाडि बढाउन सहयोग गरेकामा प्योङयाङको आलोचना गर्दै आएका छन् । उत्तर कोरियाले रुसमा १० लाख तोप पठाएको सोलले बताएको छ । जापानमा जी–७ का विदेशमन्त्रीहरूको बैठकपछि ब्लिङ्केन अहिले सोलमा छन् । उनले बिहीबार दक्षिण कोरियाली राष्ट्रपति युन सुक योलसँग सोलमा भेटवार्ता गरेका छन् । 'उहाँहरूले युक्रेनविरुद्धको युद्धमा प्रयोगका लागि उत्तर कोरियाले रुसलाई सैन्य उपकरण र युद्ध सामग्री उपलब्ध गराएकामा कडा निन्दा गर्नुभएको छ', राष्ट्रपति युनसँग विदेशमन्त्री ब्लिङ्केनको भेटपछि अमेरिकी विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, 'गाजामा सर्वसाधारणलाई मानवीय सहयोग प्रदान गर्ने दक्षिण कोरियाको प्रतिबद्धताका लागि ब्लिङ्केनले राष्ट्रपति युनलाई धन्यवाद दिनुभएको छ ।'

इजराइल–हमास युद्धमाथि कुराकानी गर्न मध्यपूर्वको शीघ्र भ्रमणपछि ब्लिङ्केनले एसियाली मुलुकको भ्रमण गरेका हुन् । यसअघि बिहीबार ब्लिङ्केनले दक्षिण कोरियाका राष्ट्रिय सुरक्षा सल्लाहकार चो ताए–योङसँग भेटवार्ता गरेका थिए । अमेरिकी विदेश मन्त्रालयका अनुसार युक्रेनलाई सहयोग उपलब्ध गराउने दक्षिण कोरियाको प्रतिबद्धताप्रति उनले धन्यवाद व्यक्त गरे ।

पहिलाको आणविक हतियार र मिसाइल कार्यक्रम एवं युक्रेनमाथि आक्रमणलाई लिएर ऐतिहासिक सहयोगी रुस र उत्तर कोरिया दुवै अन्तर्राष्ट्रिय प्रतिबन्धको अधीनमा छन् ।विशेषगरी सेप्टेम्बरमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग उत्तर कोरियाली नेता किम जोङ उनको शिखर वार्तापछि दुई मुलुकबीचको बढ्दो सैन्य सहयोग युक्रेन र उसका सहयोगीहरूका लागि चिन्ताका विषय बनेको छ ।

अन्तरिक्षमा सैन्य जासुसी उपग्रह स्थापना गर्न सकियोस् भन्ने उद्देश्यले रुसी अन्तरिक्ष प्रविधिको बदलामा प्योङयाङले रुसलाई हतियार उपलब्ध गराइरहेको दक्षिण कोरियाले बताएको छ । टोक्योमा ब्लिङ्केनले भनेका थिए, 'प्योङयाङबाट रुसले जुन हतियार र युद्ध सामग्री प्राप्त गरिरहेको छ, त्यसको बदलामा उसले प्योङयाङलाई के प्रदान गरिरहेको छ भन्ने कुराले हामी अत्यन्त चिन्तित छौँ ।' उत्तर कोरियाले रुसलाई हतियार पठाइरहेको छ भन्ने 'कुनै प्रमाण' नभएको क्रेमलिनले गत महिना बताएको थियो । 'उत्तर कोरिया र रुसबीचको यो नयाँ सहयोगलाई ध्यानमा राख्दै दक्षिण कोरियाले अमेरिकी समर्थनको प्रदर्शन र संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धहरूलाई कायमै राख्नका लागि अमेरिकी प्रतिबद्धतालाई एक पटक पुनः पुष्टि गर्न चाहन्छ', सोल नेसनल युनिभर्सिटीका प्राध्यापक बेन्जामिन ए एङ्गेलले एएफपीलाई भने, 'यो भ्रमण यस्तै गर्नका लागि डिजाइन गरिएको हो ।'

# सहकारीमा बजारको भन्दा सस्तो सयपत्री

**रासस**
**झापा ।**
गौरादह नगरपालिका–६ स्थित महारानीझोडा साना किसान कृषि सहकारी संस्थामा सयपत्रीको माला खरिद गर्न आउनेको घुइँचो लागेको छ । बजार मूल्यभन्दा ३० प्रतिशत सस्तोमा माला बिक्री सुरु गरेपछि त्यहाँ स्थानीयवासीको घुइँचो लागेको हो ।बजारमा सयपत्री फूलको एउटा मालाको मूल्य एक सय रुपैयाँभए पनि सहकारीले ७० रुपैयाँ मै बिक्री गरिरहेको छ । गौरादह, गौरीगञ्ज, कमल र दमकबाट पनि फूल खरिदका लागि ग्राहक आउने गरेको सहकारीकी अध्यक्ष मीना ढकालले बताए । बजार मूल्यभन्दा सस्तोमा बेच्दा स्थानीय उपभोक्तालाई लाभ पुग्ने र संस्थालाई पनि घाटा नहुने हुँदा सस्तो मूल्य निर्धारण गरिएको उनले बताए । सहकारीले पाँच कठ्ठा जग्गामा सयपत्री फूलखेती गरेको थियो ।सहकारीले मुनाफाका लागि आउने बिचौलियालाई यसपाली तिहारमा फूल नबेच्ने र स्थानीय वरपरका पालिकाका उपभोक्तालाई सिधैँ बिक्री गर्ने नीति लिएको थियो। उपभोक्ता महँगोमा नपरुन् भनेर बिचौलियालाई फूल नबेचेको अध्यक्ष ढकालको जिकिर थियो । भारतबाट तिहारका लागि आउने फूल निरुत्साहित गर्न सहकारीले फूलखेती गरेको र आफ्ना सदस्यलाई पनि सयपत्री फूलमा आत्मनिर्भर बन्न प्रोत्साहित गरिरहेको जनाएको छ ।

'सहकारीले उपभोक्तालाई सहुलियत मूल्यमा फूल र यसबाट बनेको माला बेच्नुपर्छ भन्ने हाम्रो मान्यता हो', अध्यक्ष ढकालले भने, 'त्यसैअनुसार हामीले बजारभन्दा सस्तो मूल्य निर्धारण गरेका छौं ।' पहिलो पटक परीक्षणका लागि सयपत्री फूलको खेती गरे पनि अर्को वर्ष खेती विस्तार गरेर जिल्लाभर पुग्ने माला उत्पादन गर्ने सोच बनाएको उनको भनाइ थियो । संस्थाका प्राविधिक मनोज भट्टराईका अनुसार सहकारीले लक्ष्मीपूजा र भाइटिकाका लागि दुई सय मालाको फूल अग्रिम अर्डरसमेत लिइसकेको छ ।सहकारीको फूलबारीमा ठूला आकारका एकै दरका थुँगा सयपत्री फूलेका छन् । सहकारीले प्रति थुँगाको मूल्य रु दुई तोकेको छ । यहाँको सयपत्री फूलखेतीमा फोटो खिचाउनसमेत स्थानीय युवायुवती आउने गरेका छन् ।

झापामा तिहार र छठ पर्वमा धेरै मात्रामा सयपत्री फूल खपत हुने गरेको छ । सयपत्री फूलको खेतीमा बजारको समस्या नमएको उनको भनाइ थियो ।यसैगरी मेचीनगर नगरपालिका–४ मा वडा कार्यालयले आफ्नै लगानीमा फूलखेती गरेको छ । आफ्नो वडामा बाहिरबाट फूल खरिद गर्नु नपर्ने वडाध्यक्ष अर्जुन कार्कीले बताए । विर्तामोड नगरपालिका, भद्रपुर नगरपालिका र कमल गाउँपालिकामा समेत सयपत्री फूलको तिहार लक्षित व्यावसायिक खेती भइरहेकाले झापा यसवर्ष फूलमा आत्मनिर्भर बन्ने अनुमान गरिएको छ ।



# सशस्त्र विद्रोहले म्यान्मारलाई टुक्र्याउने खतरा

**एएफपी**
**याङ्गुन ।**
सेनाले चीनसँगको सीमामा जातीय सशस्त्र समूहरूहरूको संयुक्त हमलालाई दबाउन नसके म्यान्मार टुक्रिने जोखिममा रहेको जुन्ता समर्थित राष्ट्रपतिले बिहीबार बताएको सरकारी मिडियाले जनाएका छन् । चीनको सीमा नजिकै शान राज्यमा करिब दुई सातादेखि द्वन्द्व सुरु भएको छ । विश्लेषकहरूका अनुसार सन् २०२१ मा सत्ता कब्जा गरेयता जुन्ताका लागि यो द्वन्द्व सबैभन्दा ठूलो सैन्य चुनौती हो । 'यदि सरकारले सीमा क्षेत्रमा हुने घटनाहरूमाथि प्रभावकारीरूपमा नियन्त्रण गर्न सकेन भने मुलुक कयौँ हिस्सामा विभाजित हुनेछ', राष्ट्रपति मिन्ट स्वेको बुधबारको भनाइ उद्धृत गर्दै ग्लोबल न्यु लाइट अफ म्यान्माले बताएको छ ।

ता'आङ नेसनल लिबरेसन आर्मी (टिएनएलए), आराकान आर्मी (एए) र म्यान्मा नेसनल डेमोक्रेटिक अलायन्स आर्मी (एमएनडिए) ले आफूहरूले म्यान्माको ठूलो व्यापारिक साझेदार चीनसँग जोड्ने सैन्य चौकीहरू कब्जा गरेको र चीनजाने महत्त्वपूर्ण मार्गमा अवरोध गरेको बताएका छन् । जुन्ताले एउटा प्रमुख व्यापार केन्द्रमाथिको नियन्त्रण गुमाएको स्वीकार गरेको छ । यद्यपि उसले कयौँ दिनको द्वन्द्वको प्रगतिबारे कुनै टिप्पणी गरेको छैन ।जुन्ता प्रमुख मिन आङ ह्लाइङ र अन्य शीर्ष अधिकारी सहभागी राष्ट्रिय सुरक्षा परिषद्को बैठकमा राष्ट्रपति मिन्ट स्वेले त्यस्तो टिप्पणी गरेका हुन् । उनी आङ सान सु कीको प्रजातान्त्रिकरूमा निर्वाचित सरकारअन्तर्गत उपराष्ट्रपति थिए ।

सरकारलाई सेनाले सन् २०२१ मा अपदस्थ गरेको थियो । पछि जुन्ताले उनलाई कार्यवाहक राष्ट्रपति नियुक्त गरेको थियो । 'जुन्ता सैनिकको जीवनको बलिदानले केही हदसम्म स्थायित्व बहाल गर्न सकिन्छ', उनले भने । म्यान्मारका सीमाहरूमा एक दर्जनभन्दा बढी जातीय सशस्त्र समूहको घर छ जहाँ केहीले स्वायत्तता र आकर्षक स्रोतहरूमाथि नियन्त्रण गर्नका लागि दशकौँदेखि सेनासँग लडाइँ लडिरहेका छन् । केहीले नयाँ 'पिपुल्स डिफेन्स फोर्सेज (पिडिएफ)' लाई प्रशिक्षित र सुसज्जित गरेका छन् । सैनिक कूप्रति असहमति राखेकामा सेनाको रक्तपातपूर्ण कारवाहीपछि पिडिएफको जन्म भएको हो । पिडिएफका लडाकूहरूले हालैका दिनमा उत्तरी सागाइङ क्षेत्रका धेरै गाउँमा सरकारी भवन, सडक र पुलहरूमा आगो लगाएको राष्ट्रिय सुरक्षा परिषद्को बैठकमा जानकारी गराइएको थियो । अधिकांश जातीय–बहुसङ्ख्यक बामारको घर र सेनाका लागि परम्परागत भर्ती केन्द्र रहेको सागाइङ जुन्ता शासनको प्रतिरोधको केन्द्र बनेको छ । यहाँ दर्जनौँ पिडिएफ समूह सक्रिय छन् । उनीहरूले सेनामाथि गाउँ जलाएको र स्थानीय बासिन्दाहरूको नरसंहार गरेको आरोप लगाएका छन्। यसै साताको सुरुमा पिडिएफका समूहहरूले सागाइङको कावलिन सहरमाथि कब्जा गरेको दावी गरेका थिए ।

# जोखिम अर्थात् कमलाको काठेपुल

**रासस**
**जनकपुरधाम ।**
दैनिक एक हजार भन्दाबढी मोटरसाइकल आवतजावत गर्दै आएको हुलाकी सडक अन्तर्गत धनुषा–सिरहा जोड्ने कमला नदीमा सञ्चालनमा आएको काठको पुल जीर्ण बन्दै गएको छ । वर्षायाम सुरु भएसँगै गत असारदेखि नदीमा पानीका बहाव बढेपछि सिरहा नगरपालिकाले तत्कालका लागि बाँस प्रयोग गरी अस्थायी प्रकृतिको काठको पुल बनाएको थियो ।
बाह्र वर्षदेखि निर्माणाधीन कमलाको पक्की पुल समयमा सम्पन्न नहुँदा यात्रु जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।
बर्खायाममा हुलाकी मार्गका यात्रु तथा नदी वारिपारिका दुवै जिल्लाका स्थानीयवासीलाई आवतजावत गर्न सास्ती पर्ने गरेको छ ।
‘नजिकैको बजार पनि यतै छ, नातेदार पनि यतै छन्,’ पुल तरेर सिरहा बजार आउनुभएका धनुषाको कमला नगरपालिका निवासी अन्सारुल राइनले भने, ‘बिहानसम्म आवतजावत सहज थियो, तर अहिले दिउँसो पुलमाथिका काठ भाँचिन लागेछन् । स्थानीय युवाले काठका फलेकमा काँटी ठोकेर मर्मत गरेकाले जसोतसो पुल पार गरियो ।’ नगरपालिकाले यही काठको पुल पनि मर्मत सम्भारमा ध्यान नदिएको गुनासो उनले गरे ।
यात्रुलाई नदी वारपार गर्नलाई नजिकैको अर्को कुनै विकल्प नभएको सिरहा नगरपालिका—६ का वडा सदस्य उमेश यादव बताउँछन् । ‘यहाँको दुर्गति भनेकै यो पक्की पुल निर्माणमा ढिलाइ गर्नु हो । विकल्पको रुपमा आवतजावत गर्नलाई कि त पूर्व–पश्चिम महेन्द्र राजमार्ग मिर्चैया—कर्जना भएर वा सीमावर्ती भारतीय बजार जयनगर पुगेर करिब दुई घण्टा लामो यात्रा गर्नुपर्छ,’ यादवले भने, ‘निर्माणाधीन पक्की पुल बन्छ र सहज यात्रा होला भनेर आशामै बसेको पनि एक दशकभन्दा बढी भइसक्यो । खोइ कहिले सम्पन्न हुने हो कुनै निश्चित छैन ।’
हुलाकी सडकअन्तर्गत धनुषा–सिरहा जोड्ने कमला पुल निर्माण सम्झौता भएको १२ वर्षपछि सञ्चालन नहुँदै दुई वर्षअघि भाँसिएको थियो । विसं २०६८ मा तीन वर्षभित्र पुल निर्माण गरिसक्ने सम्झौता भएको थियो तर पटक पटक म्याद थपेर करिब दश वर्ष लाग्यो । निर्माण कम्पनीले ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भई उद्घाटनको तयारी गरिरहेकै बेला विसं २०७८ असार र कात्तिकमा आएको बाढीले पुल भाँसिएपछि पुनःनिर्माणको काम तत्काललाई अनिश्चित भयो ।
निर्माण कम्पनी लुम्बिनी बिल्डर्स कन्स्ट्रक्सनले आगामी चैत मसान्तसम्म भासिएको पुल पुनःनिर्माण गर्ने गरी काम सुरु गरेको थियो । तर कमला नदीमा बढेको पानीको बहावका कारण पुनःनिर्माणको काम असार नलाग्दै रोकियो । निर्माण कम्पनीका अनुसार तिहार तथा छठ पर्वपछिबाट रोकिएको पुल निर्माणको काम पुनः सञ्चालन हुनेछ ।



**दियोमा व्यस्तताः** दीपावली, तिहार र छठ पर्वमा प्रयोग हुने माटोका दियो बनाउँदै धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–८ इच्छापुरका कुमाले । नेपालीहरुको महान चाड तथा उज्यालोको पर्व तिहार घरआँगनमा प्रवेश गर्न केही दिनमात्र बाँकी रहँदा माटोका भाँडा बनाउने कुमालेलाई भ्याइनभ्याइ छ ।
तस्बिरः अजयकुमार साह

# जसपामा जतातत




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालमा समानान्तर कमिटी बनाउने होड चलेको छ । पर्सामा समानान्तर कमिटी गठन भएको थियो भने बुधबार सप्तरीमा समानान्तर कमिटी गठन भएपछि पार्टीमा तरंग आएको छ ।
जसपा कार्यकारिणी समिति सदस्य रेणु यादवले समानान्तर कमिटी गठनमा नेतृत्व गरिरहेकी छिन् । यादव, केन्द्रीय सदस्य शैलेन्द्र साह, जगदेव यादव, विनोद यादव, डा.सूर्यनारायण यादव, भीमराज यादवलगायतको नेतृत्व समानान्तर समिति गठनमा देखिन थालेका छन् । स्थानीय तहको चुनावमा पालिका प्रमुखमा पराजित जसपाका उम्मेदवारहरूले पार्टीकै आन्तरिक कारणले आफूहरू हार्नुपरेको र त्यसमा पार्टी नेतृत्वले कुनै पनि एक्सन नलिएको गुनासोसहित समानान्तर समिति गठनमा देखिएका हुन् ।
उता, मधेश प्रदेश कमिटीले सिरहाको लहानमा आयोजना गरेको प्रशिक्षण कार्यक्रमलाई धेरै नेताले बहिष्कार गरेका थिए । केही नेताले आफूलाई प्रशिक्षणको बारेमा कुनै जानकारी नरहेको बताएका छन् ।

# महोत्तरीका किशोरी धनुषामा भेटिए

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीको औरही नगरपालिकाबाट एकैसाथ बेपत्ता भएको पाँच किशोरी धनुषामा फेला परेका छन् । धनुषाको ढल्केवरमा उनीहरू फेला परेका हुन् । बाहिर जान लागेको उनीहरूलाई स्थानीयले रोकेर प्रहरीलाई जिम्मा लगाएका हुन् । फेला परेका किशोरीलाई इलाका प्रहरी कार्यालय ढल्केवरमा राखिएको छ । महोत्तरी प्रहरीले किशोरी ल्याउन इलाका प्रहरी कार्यालय गौशालाको टोली पठाएको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी एवम् प्रवक्ता दिलीप गिरिले जानकारी दिए ।
औरही नगरपालिका–२ का १६ वर्षीय वसन्ती सदा, १६ वर्षीय प्रतिमा सदा, १८ वर्षीय सङ्गीता सदा, १५ वर्षीय राजन सदा, २० वर्षीय रुबी सदा मङ्गलवार साँझदेखि सम्पर्कविहीन भएका थिए । सम्पर्कविहीन भएका किशोरी २४ घण्टा बढी समयपछि परिवारको सम्पर्कमा आए पनि स्थानीयको सहयोगमा प्रहरीले बिहीबार फेला पारेको हो । घटनाका विषयमा थप अनुसन्धानपश्चात् जानकारी दिने डिएसपी गिरिले जानकारी दिए ।

# कानुन र जनप्रशासन विषयमा पठनपाठन




**रासस**
**जनकपुरधाम ।**
मधेश विश्वविद्यालयले कानुन र जनप्रशासन सङ्कायमा भर्ना भएका विद्यार्थीका लागि अनुशिक्षण कक्षा सञ्चालन गरेको छ । स्थापना भएको पहिलो एक वर्षमै विश्वविद्यालयले आगामी मङ्सिर ११ गतेदेखि कानुन सङ्कायतर्फ बीएएलएलबी र जनप्रशासन सङ्कायको पठनपाठन सुरु गर्न लागेको छ । यसका लागि प्रवेश परीक्षामार्फत कानुन सङ्काय बीएएलएलबीमा भर्ना भएका एक सय १० र जनप्रशासन सङ्कायका ५५ विद्यार्थीका लागि विश्वविद्यालयले तीन दिने अनुशिक्षण कक्षा सञ्चालन गरेको हो ।
विश्वविद्यालयमै सञ्चालित अनुशिक्षण कक्षामा विश्वविद्यालयका उपकुलपति दीपक शाक्य, रजिष्ट्रार विजयकुमार यादवले विश्वविद्यालयको अवस्था र भावी कार्ययोजनाबारे प्रशिक्षण दिए । यस्तै पर्सा जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्मा र जिल्ला सरकारी वकिल कार्यालय पर्साका सह न्यायाधिवक्ता रामकमुार थापाले कानुन तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनसम्बन्धी प्रशिक्षण दिनुभएको विश्वविद्यालयका रजिष्ट्रार यादवले जानकारी दिए ।
विद्यालयलाई सुष्मा श्रेष्ठ, वासुदेवलाल कर्ण र अरविन्द श्रेष्ठले विश्वविद्यालयको आचारण र विद्यालयले परिपालना गर्नुपर्ने विषयमा सहजीकरण गरे भने शैक्षिक क्रियाकलाप तथा विश्वविद्यालयको अनुशासनसम्बन्धी विश्वविद्यालयका कानुन तथा जनप्रशासन सङ्कायका डीन डा मानबहादुर विश्वकर्माले सहजीकरण गर्नुभएको रजिष्ट्रार यादवले बताए । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन तथा सामाजिक न्यायसम्बन्धी अधिवक्ता विकास गुप्ताले सहजीकरण गरे ।
पठनपाठनका लागि मधेश विश्वविद्यालयद्वारा गठित पाठ्यक्रम विकास समिति र काठमाडौँ विश्व विद्यालयको विज्ञ टोलीले तयार पारेको पाठ्यक्रम पारित भइसकेको छ ।
विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाडौँ विश्व विद्यालयको समन्वयमा यी दुवै सङ्कायको पठनपाठन सुरु गर्ने तयारी गरेको छ । त्यससँगै विश्वविद्यालयले आवश्यक पूर्वाधार निर्माणको कार्यलाईसमेत अघि बढाएको छ ।
२०७९ वैशाख १४ गते मधेश प्रदेशसभाद्वारा मधेश विश्वविद्यालय ऐन २०७९ जारी भई २०७९ साल भदौ २२ गते स्थापना भएको विश्वविद्यालयले एक वर्षकै अवधिमा दुई वटा सङ्कायको पठनपाठन सुरु गर्न लागेको छ । विश्वविद्यालयले वीरगञ्जस्थित नेशनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ ।
पोलिटेक्निक, आइटी, व्यवस्थापन, पारामेडिकल, कृषि इञ्जिनियरिङ लगायतका प्राविधिक शिक्षाको माध्यमबाट मधेश प्रदेशलाई प्राविधिक शिक्षा हबको रुपमा विकास गर्ने उद्देश्यका साथ अघि बढेको मधेश विश्वविद्यालयले जग्गा प्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि डिपीआर तयारीमा जुटेको विश्वविद्यालयका उपकुलपति डा दीपक शाक्यले जानकारी दिए ।
मधेश विश्वविद्यालयले पर्साको बहुदरमाई नगरपालिका–२ मा ३५ बिघा र पोखरिया नगरपालिकामा १६ बिघा ऐलानी जग्गा प्राप्त गरेको भने पर्साको पकाहाँ मैनपुर गाउँपालिकास्थित सुरजाहा कट्टीमठ्ठ (राधाकृष्ण मन्दिर) को २७ बिघा जग्गा पाएको छ । बहुदरमाई नगरपालिका– २ मा प्राप्त भएको जग्गालाई सिमाङ्कन गरी पिलर जडान गरिएको भने पोखरीया नगरपालिकाको १६ बिघा जग्गाको स्वामित्व मधेश विश्वविद्यालयमा हस्तान्तरणका लागि वडा कार्यालयबाट सिफारिस भई अन्य प्रक्रियामा रहेको विश्वविद्यालयले जनाएको छ ।
मधेश विश्वविद्यालयले आफूलाई आवश्यक पर्ने विश्वविद्यालय सङ्गठन, शैक्षिक र प्रशासन नियमावली २०७९, शिक्षा, कर्मचारी सेवा नियमावली २०७९, आर्थिक प्रशासन नियमावली २०७९ बनाई पारित गरिसकेको छ ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (२) सँग सम्वन्धित
गणेशमान चारनाथ न.पा.-११, धनुषामा निर्माण भई संचालन भईरहेको हंस प्लाईउड उद्योग
लागि आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्वन्धि

**सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०७/२४)**

| | |
|---|---|
| **प्रस्तावको नामः** | श्री हंस प्लाईउड उद्योगको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी |
| **प्रस्तावकको नाम र ठेगानाः** | नामः श्री हंस प्लाईउड उद्योग<br>ठेगानाः गणेशमान चारनाथ न.पा.-११, धनुषा |
| **प्रस्तावकको व्यहोरा :** | जिल्ला धनुषा उ.म.न.पा.-१६ बस्ने ऐश्वर्या दाहालको नाममा दर्ता कायम रहेको हाल गणेशमान चारनाथ न.पा.-११ को किता नं. ४७९,४८१,४७७,४७८,४८०,४७६,११६,४९९,११४ र ४९८ को कुल क्षेत्रफल ३-३-०-०(वि.क.धु.क.)जग्गामा आवश्यक भवन संरचना निर्माणभई श्री हंस प्लाईउड उद्योग संचालन हुने । |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा.** | धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा.-११ । |

माथि उल्लेखित प्रस्तावकको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्रकृति प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली, र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह ( न.पा./गा.प.) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल-स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागी पत्रचार गर्ने ठेगानाः**

| वडा कार्यालयको नाम र ठेगान | प्रस्तावकको नाम र ठेगानाः | परामर्शदाताको नाम र ठेगानाः |
|---|---|---|
| गणेशमान चारनाथ न.पा.-११ को वडा कार्यालय, धनुषा | नामः श्री हंस प्लाईउड उद्योग<br>ठेगानाः गणेशमान चारनाथ न.पा.-११, धनुषा<br>सम्पर्क नं.: ९८६३८१०८३३, ९८४४११६१६३ | नामः सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि.<br>ठेगानाः विरगंज- १६, पर्सा<br>सम्पर्क व्यक्तिः शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेलः *shambhuprasadchaurasia@gmail.com* |

# टिकटक र फेसबुकबाट चरित्र हत्या गर्ने पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रहरीको साइबर ब्युरोले सामाजिक सञ्जाल (टिकटक र फेसबुक)को दुरुपयोग गरी चरित्रहत्या गर्ने एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिराहा, लहान नगरपालिका स्थायी घर भइ हाल काठमाडौँमा बस्ने ३६ वर्षीय मनोज ‘मानव’ भन्ने मनोजकुमार महतो रहेका छन् ।
प्रहरी उपरीक्षक पशुपतिकुमार रायका अनुसार सामाजिक सञ्जालमा तस्बिर तथा श्रव्यदृश्यको दुरुपयोग गरी चरित्रहत्या गर्ने उद्देश्यले क्याप्सन लेखी टिकटक र फेसबुकमा प्रकाशन तथा प्रसारण गरेको पीडित महिलाको निवेदनमाथि प्रारम्भिक अनुसन्धान तथा प्राविधिक विश्लेषणपछि महतोलाई पक्राउ गरिएको जनाइएको छ ।
महतोलाई विद्युतीय कारोबार ऐन अनुसार कसुरमा काठमाडौँबाट पक्राउ गरी जिल्ला अदालतको आदेशले सात दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक रायले बताए ।

## भावपूर्ण श्रद्धाञ्जली



**स्व. देवकी देवी साह**

मधेशदृष्टि दैनिकका सहकर्मी प्रमोद कुमार साहकी हजुरआमा देवकी देवी साहको ९० वर्षको उमेरमा बिहीबार असामयिक निधन भएको छ । शोकको यस घडीमा स्वर्गीय साहप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौँ । साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।

मधेशदृष्टि राष्ट्रिय दैनिक
Tv BIRGUNJ
RADIO Birgunj FM
95.5 FM



# दुई थान हतियारसहित पाँच पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
बारा प्रहरीले बिहीबार बिहान हातहतियारसहित ५ जनालाई पक्राउ गरेको छ । सिम्रौनगढ नगरपालिका वडा नम्बर ११ भगवानपुरका ४० वर्षीय उपेन्द्र पटेलको घरमा हतियार लुकाइछिपाइ राखेको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय सिम्रौनगढको टोलीले घर खनतलासी गर्दा हतियार फेला परेको हो ।
कालो रंगको पोलिथिन झोलाभित्र सेतो कपडाले बेरेर लुकाइछिपाइ राखेको हातहतियार दुई थान २ र १० राउन्ड गोली भेटिएपछि ५ जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवम् सूचना अधिकारी दधिराम न्यौपानले जानकारी दिए ।
प्रहरीले रिभल्बर थान १ र त्यसमा प्रयोग हुने गोली ७ थान, नलकटुवा पेस्तोल १ थान र एउटा बरामद गरेको छ भने के एफ १२ लेखिएको गोली, जंगी राउन्ड २ थान बरामद गरेको छ ।
हतियारसहित सिम्रोनगढ–११ भगवानपुरका ४० वर्षीय उपेन्द्र पटेल, २७ वर्षीय धिरेन्द्र पटेल, ६२ वर्षीय रुपलाल पटेल, रौतहट, बौधीमाई–२ का ४४ वर्षीय राजमंगल पटेल र सोही ठाउँका ८० वर्षीय शोभा राउत पक्राउ परेका हुन् ।
आपराधिक समूहले बारामा श्रृंखलाबद्ध हत्या गरिरहेका बेला कुनै ठूलो घटना गराउने उद्देश्यले हतियार भित्र्याएको हुनसक्ने अनुमान प्रहरीको छ ।

## बरामद धान गाउँलेले लगेपछि इन्चार्ज तानिए



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा सशस्त्र प्रहरीले बरामद गरेको भारतीय तस्करको एक ट्र्याक्टर धान स्थानीयले लुटेर लगेका छन् ।
पर्साको छिपहरमाई गाउँपालिकास्थित भेडिअर्वा टिहुकीका स्थानीयले प्रहरीले बरामद गरेर नियन्त्रणमा लिएको धान लुटेर लगेका हुन् ।
भारतको वसन्तपुर नाकासँग जोडिएको पर्साको भेडिअर्वा हुँदै बुधबार धान लोड रहेको ट्र्याक्टर नेपाल भित्रिएको अवस्थामा सशस्त्र प्रहरीले चेकजाँच गरिरहेको बेला स्थानीयले लुटपाट गरेर लगेको प्रत्यक्षदर्शीले बताए । घटनाबारे जानकारी आएपछि बोर्डर आउट पोष्ट मिर्जापुरका सशस्त्र प्रहरी निरीक्षक केशव सुवेदीलाई सशस्त्र प्रहरी गण नम्बर १३ वीरगंजमा तानिएको छ र उनको ठाउँमा कपिल गिरीलाई पठाइएको सशस्त्र प्रहरी उपरीक्षक किसन कर्माचार्यले जानकारी दिए ।
धान लुटिएको घटनाबारे अनुसन्धान भइरहेको उनले बताए । सशस्त्र प्रहरीकै अगाडि स्थानीयले धान लुटेर लैजाँदासमेत प्रहरी मूकदर्शक भएको आरोप प्रत्यक्षदर्शीले लगाए । घटनामा सशस्त्र प्रहरी मौन रहनुले लुटपाटमा प्रहरीको अदृश्य संलग्नता भएको आरोप प्रत्यक्षदर्शीको छ ।

# एमाले पोखरियाको बैठक

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमाले धोबिनी गाउँपालिका कमिटीको बैठक बिहीबार भएको छ ।
गाउँकमिटी अध्यक्ष मजिद अहमदको अध्यक्षतामा सम्पन्न बैठकमा नेकपा एमाले केन्द्रीय सदस्य एवम् क्षेत्र नम्बर ४ का इन्चार्ज सांसद प्रभु हजारा, केन्द्रीय सदस्यीय एवम् सांसद निर्मला देवकोटा, संविधान सभा सदस्य एवम् पार्टी प्रदेश सदस्य जय प्रकाश थारुलगायतको सहभागितामा सम्पन्न बैठकले मंसिर ५ गते पर्साको पोखरीयामा हुने वृहत आमसभा तथा पार्टी प्रवेश कार्यक्रम भव्य बनाउने निर्णय गरेको छ । कार्यक्रममा पार्टी अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीलगायतका शीर्षनेताको सहभागिता रहने हुँदा कार्यक्रम भव्य बनाउने निर्णय भएको पार्टीका क्षेत्र नम्बर ४ का इन्चार्ज एवम् सांसद हजाराले जानकारी दिए ।

# रेशमको मुद्दाको सुनुवाइ स्थगित

**मधेशदृष्टि**
**वीरगंज ।**
रेशम चौधरीविरूद्धको मुद्दामा बिहीबारका लागि तोकिएको सुनुवाइ स्थगित भएको छ ।
सर्वोच्च अदालतमा गोला थुतेर इजलास तोकिने प्रक्रियाअनुसार चौधरीविरूद्धको मुद्दा स्थगितमा परेको सर्वोच्च प्रशासनले जनाएको छ ।
गणतन्त्र दिवसको अवसरमा जेठ १५ गते सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले चौधरीलाई बाँकी कैद मिनाहा हुने गरी माफी दिएका थिए । क्रूर, अमानवीय र गम्भीर मानव अधिकार उल्लङ्घनको घटनामा संलग्नलाई राष्ट्रपतिले माफी मिनाहा दिएको भन्दै यसको चौतर्फी आलोचना भइरहेको छ । राष्ट्रपतिको निर्णय बदर गर्न माग गर्दै राष्ट्रपतिको कार्यालय शीतल निवास तथा रेशमलाल चौधरीलाई विपक्षी बनाइ रिट दायर भएको थियो ।
यसअघि कार्तिक १६ गते सर्वोच्च अदालतले सरकारबाट आममाफी पाएका योगप्रसाद ढकाल रिगलको कैद मिनाह बदर गरिदिएको थियो ।

**लामिछानेको मुद्दामा बहस नोट माग**

क्रिकेटर सन्दीप लामिछानेविरुद्धको मुद्दामा अदालतले बहस नोट पेस गर्न आदेश दिएको छ । काठमाडौं जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद घिमिरेको इजलासले मंसिर २२ गतेसम्म बहस नोट पेस गर्न आदेश दिएको हो । त्यस्तै, अर्को पेसी आगामी मंसिर २४ गतेलाई तोकिएको छ ।

# तेली कल्याण समाजद्वारा भारत घटनाको विरोध



**मधेशदृष्टि**
**वीरगंज ।**
तेली कल्याण समाज नेपाल केन्द्रीय कार्यालय काठमाडौंले बिहीबार वीरगंजमा पत्रकार सम्मेलन गरेर भारतको महाराष्ट्रमा अखिल भारतीय तैलिक साह महासभाका राष्ट्रिय अध्यक्ष जयदत्त क्षीरसागरको घरमा भएको आगजनी तथा तोडफोडको भ्रत्सना गरेको छ ।
समाजले गरेको पत्रकार सम्मेलनमा वितरित प्रेस विज्ञप्तिमा कार्तिक १४ गते अर्थात् ३१ अक्टुबरमा अखिल भारतिय तैलिक साह महासभा नयाँ दिल्लीका राष्ट्रिय अध्यक्ष एवम् पूर्वमन्त्री क्षीरसागरको महाराष्ट्रको बिडमा रहेको अवास एवम् कार्यालयमा अज्ञात समूहले मराठा आन्दोलनको आडमा गरेको तोडफोड, आगजनी एवम् पेट्रोल बम प्रहारको घटनाले समाज मर्माहत भएको जनाइएको छ ।
समाजका केन्द्रीय अध्यक्ष विश्वनाथ प्रसाद तेलीद्वारा जारी विज्ञप्तिमा घर तथा कार्यालयमा हमला हुँदा क्षीरसागरको परिवारले मुस्किलका साथ ज्यान बचाएको कुरा उल्लेख गर्दै तेली कल्याण समाज नेपालले घटनाको भ्रत्सना गरेर भारत सरकारसँग दोषीलाई तत्काल गिरफ्तार गरी कारबाही गर्न माग गरेको छ ।
विज्ञप्तिमा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गर्दै माग पूरा नभए अखिल भारतीय तैलिक साहु महासभाको समन्वयमा नेपालमा समेत तेली कल्याण समाजले आन्दोलन गर्ने चेतावनी दिइएको छ ।

# विकासीय परियोजनाको स्थलगत निरीक्षण

*संसदीय समितिमा प्रतिवेदन पेश गर्ने छौँ, ठेकेदारसँग बसेर छलफल गर्ने छौँ, त्यसपछि पनि काम गर्न लापरबाही गरे कारबाही अगाडि बढाउछौँ, कालो सूचीमा राख्न सिफारिस गर्छौं ।*
***– डा. चन्द्रकान्त राउत***
*पूर्वाधार विकास संसदीय समितिअन्तर्गत गठित उपसमिति*

**अनिल पोखरेल**
**राजविराज ।**
संघीय सांसदको पूर्वाधार विकास संसदीय समितिअन्तर्गत गठित संसदीय उपसमितिका संयोजक डा.चन्द्रकान्त राउतको नेतृत्वमा बिहीबार सप्तरीमा सञ्चालित विकासीय परियोजनाको स्थलगत निरीक्षण गरिएको छ ।
उपसमितिले राजविराजस्थित निर्माणाधीन बसपार्क, राजविराज हटिया, गजेन्द्र नारायण सिंह अस्पतालको निर्माणाधीन भवन, हुलाकी सडकलगायतको योजना अनुगमन गरी कार्यप्रगतिबारे जानकारी लिएको छ ।
गजेन्द्र नारायण सिंह अस्पतालको काम पूरा नगर्ने प्रवृत्तिका कारण दुई र चार महिनामा सम्पन्न गर्नुपर्नेमा हेलचेक्र्याइँ गरेको बताउँदै दुई महिनामा काम सम्पन्न गर्न ठेकेदारलाई निर्देशन दिँदै समयमा काम नभए ब्ल्याक लिस्टमा राख्ने चेतावनी दिएको छ । २०७७ पुस २७ गते काम सम्पन्न गरेर राजविराज नगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेमा तीनपटक म्याद थप्दासमेत कार्य सम्पन्न हुन सकेको छैन ।
निरीक्षणक्रममा सप्तरी क्षेत्र–२ मै रहेका जिल्लाका अधिकांश ठूला योजनाको अवस्था यस्तै रहेको प्रतिनिधिसभा सदस्य समेत रहेका कार्यदल संयोजक डा.राउतले बताए । निरीक्षणक्रममा जिल्लाका गौरवका योजना लथालिङ्ग हुनुमा सरकार, योजना कार्यान्वयन गर्ने निकाय, ठेकेदार कम्पनी, अनुगमनकारी निकायलगायत सबैको बेवास्ता रहेको राउतले बताए ।
संयोजक डा.राउतले संसदीय अनुगमन समिति आइरहेको थाहा पाएपछि प्रमुख ठेकेदार निर्माण स्थलमा नभएकाप्रति आक्रोश व्यक्त गरे । उनले भने, 'अनुगमन टोली आइरहेको बुझे पनि उनीहरू आएनन्, चरम लापरबाही देखाएको छ ।'
करोडौँको ठूला योजनाहरुको काम हुने ठाउँमा योजनाको विस्तृत जानकारी बोर्ड राखिएको छैन ।
यो अवस्थामा सम्बन्धित ठेकेदारलाई बोलाइने र त्यसअनुरूप पहिलो चरणमा योजना सम्पन्नको लागि उनीहरूसँग समय माग गर्ने तथा समयभित्र काम सम्पन्न नगरे कारबाहीमा पर्न सक्ने बताइएको छ ।
कार्यदलका सदस्य तथा सप्तरी निर्वाचन क्षेत्र नम्बर ३ का सांसद दिनेशकुमार यादवले ३५ वर्षअघि शिलान्यास हुँदा पनि निर्माण सम्पन्न हुन नसकेको राजविराज बसपार्क, सात वर्षदेखि निर्माणाधीन रहेका राजविराज हटिया, दशकौँ बितिसक्दा पनि निर्माण सम्पन्न हुन नसकेका हुलाकी राजमार्गलगायत जिल्लाका गौरवका योजना लथालिङ्ग भइरहँदा सरकारले कार्यप्रगति विवरण, समयमा निर्माण सम्पन्न हुन नसक्नुको कारण बुझ्न कार्यदल खटिएको बताए ।
अनुगमन टोलीमा सप्तरी–३ बाट निर्वाचित सांसद यादव, सांसदहरू निशा डाँगी, विना लामा, सुशीला श्रेष्ठ छन् ।

# प्रदेश सांसद यादव धरौटीमा रिहा



**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरी प्रदेश क्षेत्र नम्बर ४ को ख बाट निर्वाचित सांसद अनिरूद्ध सिंह यादव उच्च अदालत जनकपुर राजविराजको आदेशमा रिहा भएका छन् । उनलाई १ लाख २० हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिइएको हो ।
माओवादी नेता गोविन्द चौधरीको हत्याकाण्डमा संलग्न रहेको भन्दै उनीविरुद्ध कर्तव्य ज्यान तथा डाँका मुद्दा परेको थियो । मुल्तबीमा रहेको मुद्दामा उनलाई भदौ १७ गते पक्राउ गरी सप्तरी जिल्ला अदालतमा पेश गर्दा पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । अदालतले वादी रीता कुमारी चौधरीको जाहेरीले कर्तव्य ज्यान तथा डाँका मुद्दामा नेपाल सरकारको प्रतिवादी भनिएका यादवलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७ १ ख बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो ।
अदालतले पुर्पक्षका लागि कारागार चलान गरिए लगत्तै मधेश प्रदेश सभाले उनलाई निलम्बन गरेको थियो ।
जिल्ला अदालतको आदेशविरुद्ध यादवपक्षले उच्च अदालतमा रिट दायर गरेको थियो । मुद्दामा बिहीबार बहस हुँदा धरौटीमा रिहा गर्न आदेश दिएको हो । न्यायाधीश मुनेन्द्र प्रसाद अवस्थी र पूर्ण प्रसाद राजवंशीको सन्युक्त इजलासले उनलाई धरौटीमा रिहा गर्ने आदेश दिएको हो ।


















मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन